# कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाहरूको

# विश्लेषणात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषाशिक्षा शिक्षण

विभाग, स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको

नेपा.शि.पाठ्यांश-५९८ को प्रयोजनार्थ

तयार पारिएको

**शोधपत्र**

**शोधार्थी**

भेषराज गिरी

क्याम्पस रोल नं.: ९७ (०६३/०६५)

परीक्षा क्रमाङ्क : २१४०२८१/२०६५

त्रि.वि.दर्ता नं. : ७०२०-८७

नेपाली भाषा शिक्षा विभाग

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ

# परिच्छेद-एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधप्रस्तावको शीर्षक कक्षा सातको **"हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन"** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधप्रस्ताव त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको पाठ्यांश नेपाली शि.५९८ को उद्देश्य पुरा गर्ने प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ समस्याकथन

बहुसङ्ख्यक नेपालीहरूद्धारा बोलिने नेपाली भाषा नेपालको राष्ट्र भाषा हो । यो भाषा विद्यालय तहमा अनिवार्य विषयको रूपमा र क्याम्पस तहमा अनिवार्य र ऐच्छिक गरी दुई तहमा अध्ययन गरिन्छ । भाषिक सीप विकासका लागि नि.मा.वि. पाठ्यक्रमले अन्य विधाहरूलाई पनि समानुपातिक रूपमा समायोजन गरेको पाइन्छ । तर ती विधाहरूमध्ये कथा रोचक हुनका साथै भाषका चारै सीपहरूको विकास गर्न उपयोगी हुने भएकोले भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा यसको प्रमुख भूमिका रहेको हुन्छ । कथा भाषिक सीप विकास गर्ने विधा पनि हो ।

विचार आदान प्रदानका लागि भाषा सशक्त माध्यम हो । भाषिक सीपहरूको विकास गर्नका लागि भाषा शिक्षणको ठूलो भूमिका रहेको हुन्छ । भाषा शिक्षणलाई सुव्यवस्थित र उद्देश्यपूर्ण

बनाउनका लागि भाषा पाठ्यक्रमको निर्माण गरिनु पर्दछ । भाषा आफैमा सीपमूलक विषय भएकोले भाषा पाठ्यक्रमको निर्माण पनि भाषिक सीप विकास गर्ने हतुले गर्नुपर्दछ । भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकमा समावेश गरिएका कथा कविता निवन्ध जीवनी रूपकजस्ता विविध विधाहरू भाषाका चार सीप (सुनाइ, बोलाइ पढाइ, लेखाइ) को समुचित विकास गएउने उद्देश्यले सोही अनुसार क्रियाकलापको निर्धारण गरिएको हुन्छ । ती विधाहरूमध्ये भाषाको सम्पूर्ण सीपहरूको समुचित विकास गर्न सक्ने सशक्त विधा कथा हो ।

विद्यालय तहमा पाठ्यपुस्तकमा समाविष्ट कथाहरू विद्यार्थीको स्तर र क्षमता अनुसारको भएको खण्डमा मात्र यस विधाले विद्यार्थीहरूको बैद्धिक, मानसिक, सामाजिक र नैतिक विकासमा सहयोग पुग्दछ । विद्यार्थीको स्तर र क्षमता अनुसारको शब्द, वाक्य र उपयुक्त उखानटुक्काको प्रयोगले मात्र भाषिक सीप विकासमा टेवा पुग्दछ । विद्यार्थीको रूचिअनुसारको चाखलाग्दो कथाहरू मात्र पाठ्यपुस्तकका सुन्दर गहना हुन् जसको अध्ययनबाट विद्यार्थीहरूमा व्यवहारिक ज्ञान, सीप, अभिवृत्ति आदिको विकास गर्न सकिन्छ । तर हाम्रा विद्यालय तहका पाठ्यपुस्तकहरूमा समाविष्ट कथाहरूमा विद्यार्थीको स्तर र क्षमता अनुसारको शब्द,वाक्य र उखानटुक्काको प्रयोगमा असफल भएको भान हुन्छ । विद्यार्थीको रूचि अनुसारको कथा छनौट पनि त्यति भएको पाइदैन । जटिल शब्द वाक्य र उखानटुक्का को प्रयोगले कथा भाषिक सीप विकासमा दुरुह बनेको छ । शब्द उखानटुक्काको आवृत्तिले शब्दभण्डार विकास गर्नमा मद्धत मिल्दछ तर त्यसो नभई हचुवा पाराले कथाको छनौट गरी शब्द भण्डार विकासलाई वेवस्ता गरेको देखिन्छ ।

पाठ्यपुस्तकमा प्रयुक्त कथाहरू संरचनात्मक रूपमा सरल हुनुपर्दछ । छनौट र स्तरणमा देखाइने हचुवा पाराले कथाले विद्यार्थीहरूमा शिल्प, शब्दभण्डार भाषिक क्षमता र उनीहरूमा रहेको अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गर्न सक्दैन । कथाको मुख्य उद्देश्य विद्यार्थीहरूले प्राप्त गरेको ज्ञानलाई सिर्जनात्मक तवरले अभिव्यक्त गर्न सक्षम पार्नु हो । आफनो परिवेशमा रहेर कथा सुन्ने,भन्ने,पढने,लेख्ने जस्ता कार्यलाई प्राथमिकता दिएर भाषिक सीप विकास गर्ने र जीवन उपयोगी भाषाको प्रयोगलाई जोड दिने भए पनि अहिले सम्म पनि यसको स्तर र छनौट पक्षलाई पाठ्यपुस्तक निर्माण गर्दा ध्यान दिएको पाइदैन । भाषाको निरन्तर अभ्यासद्वारा भाषा

सिकाइको विकास विस्तार हुन्छ । कथाको मूलपाठको अन्त्यमा दिएका अभ्यासहरू कति स्पष्ट उपयोगी छन् कति छैनन् ? शिक्षण कार्यलाई सफल पार्न सहयोग गरे, गरेनन् ? पाठ्यक्रमको अपेक्षा अनुरूप उद्देश्य पुर्ति गर्न सके, सकेनन् ? विद्यार्थीहरूले के कस्ता शब्द,उखानटुक्का,वाक्य आदिको ज्ञान हासिल गर्न सके, सकेनन् ? पाठ्यकम अनुरूप भाषिक सीप विकास हुने गरी कथाको स्तर र छनौट भए,भएनन् ? भन्ने ठम्याउनु नै यस अध्ययनको प्रमुख समस्या हुन् ।

बुँदागत रूपमा प्रस्तुत अनुसन्धानका महत्त्वपूर्ण समस्याहरू निम्नानुसर रहेका छनः-

क) नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यकम विकास केन्द्रद्धारा निर्धारित कक्षा-७ को हाम्रो नेपाली किताबमा समावेश गरिएको कथाहरू पाठ्यक्रम अनुरुप छन्,छैनन् ?

ख) पाठ्यपुस्तकमा समाविष्ट कथाहरू विद्यार्थीको उमेर,स्तर र क्षमता अनुसार छन्, छैनन् ?

ग) उक्त पाठ्यपुस्तकमा समाविष्ट कथाको मूलपाठ र अभ्यासबीच तालमेल छ, छैन?

घ) कक्षा-७ को लागि के-कस्ता कथाहरू राख्न उपयुक्त हुन्छ ?

## १.४ अध्ययनको उद्देश्य

क) निम्न माध्यमिक तह कक्षा-७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको पाठ्यक्रमको उद्देश्य अनुरूपताको पहिचान गर्नु ।

ख) पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको संरचना विद्यार्थीको उमेर, स्तर र क्षमता अनुसार भए नभएको विश्लेषण गर्नु ।

ग) उक्त  पाठ्यपुस्तकमा समवेश गरिएको कथाका पाठहरूमा दिइएका नमुना अभ्यासहरूको उपयुक्तताको पहिचान गर्नु ।

घ) उक्त  पाठ्यपुस्तकमा समावेश गरिएका कथाका पाठहरूको सुधारका लागि सुझाव  दिनु ।

## १.५ पूर्वकायको समीक्षा

कुनै पनि कार्यको थालनी गर्नु अघि त्यस विषय अन्तर्गत पूर्वकार्यहरूको बारेमा अध्ययन अनुसन्धान गर्नु जरुरी हुन्छ । सम्बन्धित क्षेत्रमा भएका हालसम्मका अनुसन्धानको सिंहावलोकन गर्नाले हरेक शोधकर्तालाई आफूले गर्न लागेको शोधकार्यलाई पृष्ठपोषण मिल्दछ । कक्षा-७ को नेपाली किताबमा समावेश गरिएको कथाहरूको अध्ययन गर्दा त्यस सम्बन्धमा के-कस्ता अध्ययनहरू भएका छन् ? भनी हर्नुपर्ने हुन्छ । पूर्व अध्ययनहरूका सवल र दुर्वल पक्षहरू केलाउँदै सकरात्मक पक्षको अवलम्बन र नकरात्मक पक्षको सुधार सहित नयाँ तरिकाले आफ्नो अनुसन्धानलाई अगाडि बढाउन सहयोग पुग्दछ ।

भाषाको चारै सीपको विकास गर्न भाषा शिक्षणको महत्त्वपूर्ण विधा कथा हो ।विद्यार्थीहरूले सुन्न,पढ्न र लेख्न मन पराउने सिकेका कुराहरू स्मरण गर्ने, नयाँ शब्दहरू सिक्ने विधा कथा हो । कथाबाट पठनबोध, वाक्यगठन, अनुकरणात्मक शब्दको ज्ञान, उखानटुक्काको सान्दर्भिक प्रयोग गर्न सक्ने क्षमताको विकासको साथै कथाको अधयरन पश्चात् कथा निर्माण गर्न सक्षम हुन्छन् । कथा भाषा सिक्न सजिलो विधा हो । कथाको महत्त्वबारे धेरैले चर्चा गरेका छन् तर पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन सीमित मात्रामा भएको छ । यसै तथ्यलाई महशुस गरी कक्षा-७ को हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषण गरिएको छ ।

कथा मान्छेसँगै विकसित हुदै आएको रोचक र महत्त्वपूर्ण विधा हो । कथा सुन्न बालकदेखि बृद्धसम्मका व्यक्तिहरू प्रफुल्लित हुन्छन् । पढ्न पनि अन्य विधाको तुलनामा उपयोगी देखिन्छ । भाषा शिक्षण तह, स्तर तथा बोधगम्यताको आधारमा हुनुपर्ने कुरा निर्विवाद छ । कुन तहमा कस्तो कथा राख्ने ? पाठ्यक्रम अनुसार पाठ्यपुस्तकमा कथाहरू समावेश भएका छन्, छैनन्? भन्ने कुराको व्यापक अध्ययन भइसकेको छैन । हाल कथा विधाको अध्ययन हुन थालेको छ । हेमाङ्गराज अधिकारीद्वारा सम्पादित शिक्षालाई जीवनउपयोगी बनाउने कारक तत्त्वहरू प्रतिवेदन २०४४ मा प्राथमिक तथा माध्यमिक तहको नेपाली पाठ्यक्रम तथा पाठ्यपुस्तकको अध्ययन

गरिएको छ । उक्तअध्ययनमा कथा विधाले भाषिक सीपमा उपयुक्त सहयोग पुऱ्याउन नसकेको, कथाहरू कक्षाको स्तर अनुरूप नभएको सङ्केत गरेको छ ।

हेमाङ्गराज अधिकारीद्वारा लिखित नेपाली भाषा शिक्षण नामक पुस्तकमा कथा विधाको चर्चा गरिएको छ । यस पुस्तकमा भाषा पाठ्यपुस्तकमा कथा विधाको चर्चा गरिएको छ। यस पुस्तकमा भाषा पाठ्यपुस्तकमा कथा समावेश गरिनुको औचित्य तथा भाषिक सीप विकासमा यसको प्रयोजनको बारेमा उल्लेख गरिएको छ ।

हेमाङ्गराज अधिकारी (२०५९) द्वारा नेपाली विषयको विद्यालय तहको भषापाठ्यक्रम र भाषा पाठ्यपुस्तकका सन्दर्भमा गरिएको अध्ययनले पाठ्यक्रम र पाठ्यपुस्तक बीच सङ्गति नमिलेको, पाठ्यक्रममा पौराणिक ऐतिहासिक विषयवस्तु बढी स्तर सुहाउँदा बोध तथा अभिव्यक्ति गर्ने सीप विकासका लागि उपयुक्त विषयवस्तुगत विविधताको कमी, पाठ लेख्ने र अभ्यास लेख्ने प्रविधिमा सोद्देश्यता र वैज्ञानिकता नभएको माध्यमिक तहको पाठ्यपुस्तकमा कार्यमूलक व्याकरणलाई भन्दा सैदान्तिक व्याकरणलाई जोड दिएको तथा भाषा पाठ्यपुस्तकहरूको छनौट र स्तरणको ख्याल नगरिएको जस्ता कमी कमजोरीहरू औल्याएको पाइन्छ । त्यस्तै केदार प्रसाद शर्माद्वारा विद्यावरिधि उपाधिका लागि तयार गरिएको शोधपत्र “अ क्रिटिकल इभ्यालुएसन अफ प्राइमेरी लेभल गभरमेन्ट टेक्सटबुक अफ नेपाली ल्याङ्ग्वेज १९९५” नामक शीर्षककमा गरिएको अध्ययनले प्राथमिक तहका भाषा पाठ्यपुस्तकका नमूना अभ्यासको चर्चा गरी नमूना अभ्यासहरू अव्यवस्थित र असन्तुलित रहेको, भाषा शिक्षणका उद्देश्य पुरा गर्न नमूना अभ्यासको सही संयोजन गर्न नसकिएको भाषिक सीपका आधारमा नमुना अभ्यासको व्यवस्था नगरिएको तथा सबै जसो नमुना अभ्यासहरू लेखाइ शिक्षणमा मात्रै जोडदिएको भनी निष्कर्ष निकालिएको छ ।

"The basic primary Education Master Plan 1997" नामक शीर्षकमा गरिएको अध्ययनले भाषा पाठ्यक्रम र पाठ्यपुस्तकका विभिन्न पक्षको समीक्षा गरेको छ । उक्त समीक्षामा कथा विधालाई पनि महत्त्व दिइएको पाइन्छ । यस अध्ययनले प्राथमिक तहमा भएका भाषा पाठ्यपुस्तकका कथाहरू स्तर सुहाउँदो र उद्देश्यलाई समेट्न नसकेको भन्ने निष्कर्ष

निकालेको पाइन्छ साथै सैद्धान्तिक पक्षलाई मात्र जोड दिने खालको भएको सङ्केत पनि गरेको छ ।

यसै गरी टीकाराम पोखेलको माध्यमिक तहको माध्यमिक नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन (२०५५) मा कक्षा ९ र १० मा निर्धारित १० वटा कथाहरूको सीपगत, अभ्यासगत, शब्दभण्डारगत, पाठ्यक्रमको आधारमा विद्यार्थीको स्तर अनुरूप भए, नभएको पाठ्यक्रम अनुरूप कथाको  र स्तरण भए नभएको भन्ने आधारहरूमा विश्लेषण गरिएको छ ।

अर्का शोधार्थी दुर्गा खनालले कक्षा आठ को पुरानो र नँया पाठ्यक्रम अनुसारका नेपाली विषयमा समावेश गरिएका कथाहरूको तुलनात्मक अध्ययन नामक शोधपत्रमा सीपगत, अभ्यासगत, शब्दभण्डार, शब्दको  शब्दको स्रोत, शब्दवर्ग र भाषापाठ्यपुस्तकमा समाविष्ट कथा विधा सम्बन्धी संरचनाका हिसाबले वर्गीकरण तथा तुलना गर्नु र कमीकमजोरी औल्याइ कथा संयोजन गर्न आवश्यक सुझाव दिनु जस्ता उद्देश्य राखेर अध्ययन गरिएको पाइन्छ । उक्त उद्देश्य पूरा गर्नको निमित्त अध्ययनका सीमाहरूमा भाषाको सीप शब्दभण्डार र संरचना जस्ता शिक्षणीय तत्त्वको आधारमा दाज्नु वर्गीकरण गर्नु, स्तरनिर्धारण गर्नुका साथै दुवै पाठ्क्रममा आधारित नेपाली पाठ्यपुस्तकमा भएका कमीकमजोरीलाई औल्याई सुधारका लागि सुझाव दिइएको पाइन्छ।

त्यस्तै शोधर्थी शेषकान्त पाण्डेय (२०६२) ले कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन गरेका छन् । उक्त अध्ययनले कक्षा आठको नेपाली पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासको विवेचना उक्त नमुना अभ्यासको वर्गीकरण र विश्लेषण गर्नु नमुना अभ्यासहरूको पाठ्यक्रम अनुरूपताको स्थिति केलाउने तथा अध्ययनबाट प्राप्त तथ्यको आधारमा कमीकमजोरीहरू सुधारको लागि सुझाव पेश गर्ने लक्ष्य राखेको पाइन्छ । उक्त अध्ययनको सीमाङ्कन कक्षा आठको हाम्रो नेपाली किताबमा समाष्टि अभ्यासहरूको अध्ययन पाठ्यक्रमका उद्देश्यहरू र पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरूको अध्ययन , वर्गीकरण र विश्लेषणमा सीमित गरिएको छ ।

त्यसै गरी शोधार्थी देवीप्रसाद आचार्य (२०६३) ले कक्षा छको नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रम अनुरूपताको अध्ययन गरेका छन् । उक्त अध्ययनले कक्षा छ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूप भए नभएको र पाठमा समावेश भएका नमुना अभ्यासको प्रश्नको किसिम, स्वरूप, पाठगत नमुना अभ्यासको विश्लेषण, व्याकरण विश्लेषण, र स्तरणका दृष्टिले सम्बद्ध कथाको विश्लेषण गरेको पाइन्छ । कथाको मा कथाको विषयवस्तु, शब्दभण्डार, प्रस्तुति आदिको विश्लेषण गरेको पाइन्छ भने कथाको स्तरणमा कथाका पाठहरू विषयवस्तु, शब्दभण्डार, वाक्यगठन, प्रस्तुति आदिको विश्लेषण गर्दै कक्षा छ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको पाठ्यक्रम अनुरूपता पहिल्याउने प्रयास गरिएको छ । पाठ्यक्रम र पाठ्यपुस्तक बीचमा भएका सकारात्मक पक्षलाई आत्मसात गर्दै कमीकमजोरीहरूलाई सुधार गर्नुपर्ने सुझाव पेश गरिएको छ ।

यी माथि उल्लिखित अध्ययनहरू पाठ्यक्रम अनुरूपता नमुना अभ्यासको स्थिति, शब्दभण्डार, उखानटुक्का, वाक्यसंरचना भाषिक सीप विकासको क्षेत्रमा कथाको योगदान स्तरण, आदि पक्षलाई मात्र बढी जोड दिएको पाइन्छ । तर यस अध्ययनमा माथि उल्लिखित विषय वस्तुको अलवा विद्यार्थीको रूचि, उमेर, स्तर र क्षमता आदिलाई पनि अध्ययनको क्षेत्र बनाइनु पर्छ भन्ने मान्यताको साथ अध्ययन विश्लेषण गर्न खोजिएको कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन नामक शीर्षकमा कोही कसैबाट अध्ययन अनुसन्धान भएको देखिदैन । त्यसैले उक्त शीर्षकमा अध्ययन गर्ने चासो लिइएको हो ।

## १.६ अध्ययनको औचित्य

भाषाको निरन्तर विकास र विस्तार गर्दै जानका लागि भाषा शिक्षणले महत्त्वपूर्ण भूमिका खेल्छ । भाषा पाठ्यक्रमको उद्देश्यलाई पुरा गर्नु भाषापाठ्यपुस्तकमा प्रयुक्त विधाहरूको सवल शिक्षणले मात्र सम्भव हुन्छ । भाषा शिक्षणमा कथा विधाको केन्द्रीयता विद्यार्थीहरूलाई जीवनोपयोगी भाषिक ज्ञान हासिल गराउन शब्द, वाक्य, उखानटुक्का, व्याकरण र सिर्जनात्मक

अभ्यास गराउने हुनुपर्छ । पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्न पाठ्यपुस्तकमा देखिएका विधाहरू महत्त्वपूर्ण हुन्छन् । पाठ्यक्रम र पाठ्यपुस्तक एक अर्कामा पुरक भएकाले पठ्यक्रमको उद्देश्यानुरूप पाठ्यपुस्तक निर्माण हुनुपर्दछ । पाठ्यक्रम एकातिर र पाठ्यपुस्तक अर्कोतिर भईदिए व्यक्ति, परिवार, तथा राष्ट्र कै लगानी खेर जान्छ । तसर्थ पाठ्यपुस्तकको माध्यमबाट अपेक्षित उद्देश्यपुर्ति गर्न पाठ्यक्रम र पाठ्यपुस्तक बीच एक रूपता हुनुपर्दछ । भाषा पाठ्यपुस्तक उपयोगी बनाउन स्तर अनुसार बालबालिकाका रूचि क्षमता उमेरका आधारमा पाठ्यपुस्तकमा प्रयुक्त विधाहरूको  गरिन्छ । यस अध्ययनबाट कथा विधाको छनौट र स्तरणमा देखिएका हचुवापनको निदान हुन सक्छ । पाठ्यपुस्तकमा के कस्ता कथाहरू समाविष्ट हुँदा कक्षाको विद्यार्थीको स्तर अनुसार र रूचिपूर्ण हुन्छ भन्ने कुराको आवश्यक सुझाव पनि यस अध्ययनबाट प्राप्तहुने विश्वास गरिएको छ ।

कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषण गर्दा भाषिक सीप विकासका लागि विभिन्न कमीकमजोरी पहिल्याउन सकिन्छ । पाठ्यपुस्तकमा समाविष्ट कथाका पाठहरू र त्यसका अन्त्यमा दिइएका अभ्यासका सम्बन्धबाट विद्यार्थीहरूमा भाषिक सीप सिर्जनात्मक अभिव्यक्ति कला लगायत पाठ्यक्रमको उद्देश्य हासिल गर्न सक्षम हुन्छन् तर कथाका पाठ र अभ्यास साथै स्तर अनुसार कथाको , त्यसमा भएका शब्द, वाक्यगठन आदिको र स्तरण नभएमा सिकाइ असफल हुन जान्छ । त्यसकारण वर्तमान पाठ्यक्रमको अध्ययन अनुसन्धान भइरहनुपर्दछ । भविष्यमा शिक्षण कार्यलाई प्रभावकारी तुल्याउनका लागि पनि पाठ्यपुस्तकमा राखिने सबै विधाहरूको अध्ययन अनुसन्धान हुँदै जानुपर्छ ।

कक्षा सात को पाठ्यपुस्तकको विश्लेषणबाट कमीकमजोरी औल्याई पाठ्यपुस्तकको मा केही सहयोग पुऱ्याउनेछ तथा उद्देश्यानुरूप शिक्षण क्रियाकलापमा सुधार ल्याउन मद्दत पुऱ्याउने छ । यस पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधाको अध्ययनले थोरै भए पनि कथाबाट विद्यार्थीहरूमा सामाजिकता, नैतिकताको पहिचान गरी बालबालिकाको भाषिक सीपको विकास गर्ने तथा जीवनपयोगी शब्द, सरल वाक्यगठन साथै व्याकरणको धारणा विकास गर्न सुझ दिनेछ भन्ने  अध्ययन कर्ताको विश्वास रहेको छ ।

## १.७ अध्ययन विधि

प्रस्तुत अध्ययन कक्षा सात को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा केन्द्रित छ । त्यसैले यस अध्ययनमा पाठ्यक्रममा भएका उद्देश्यहरूलाई महत्त्व दिएर निष्कर्षमा पुग्ने प्रयास उपयोगी ठानिएको छ । पाठ्यपुस्तकमा समाविष्ट कथाहरू विद्यार्थीहरूका लागि उपयोगी भए नभएको विद्यार्थीहरूको स्तर, रूचि र क्षमता अनुसार पाठ्यक्रमको उद्देश्य पूरा भए नभएको तर्फ ध्यान दिनु उत्तिकै आवश्यक मानिन्छ ।

यस अध्ययनको लागि कक्षा सात को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाका पाठहरूलाई मुख्य सामग्रीको रूपमा मानिनेछ । पाठ्यक्रम र पाठ्यपुस्तकको बारेमा लेखिएका सामग्रीलाई गौण सामग्रीका रूपमा लिइएको छ । गुरुवर्ग र अग्रजहरूले दिनुहुने सल्लाह र सुझावहरूलाई गौण सामग्रीको रूपमा स्वीकार गरिएको छ ।

यस अध्ययनको प्रकृतिलाई हेरी अध्ययनको विविध विधिहरूमध्ये पुस्तकालय अध्ययन गरी सामग्री संकलन गरेर कथाको अध्ययन विश्लेषणात्मक पद्धतिबाट गरिएको छ । विश्लेषण गर्ने क्रममा विविध तथ्यहरूको पुष्टिका लागि साङ्ख्यिकीय पद्धतिको पनि प्रयोग गरिएको

छ ।

## १.८ अध्ययनको सीमा

क) प्रस्तुत अध्ययन नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा निर्धारित कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकको कथा विधामा मात्र सीमित रहेको छ ।

ख) प्रस्तुत पाठ्यक्रमको उद्देश्य, पाठ्यक्रमका आधारमा वर्गीकरण, कथाका संरचना, वाक्यसंरचना, शब्दभण्डार, उखानटुक्का तथा नमुना अभ्यासको विश्लेषणमा सीमित रहेको छ ।

ग) उक्त अध्ययन कक्षा सात को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको विश्लेषणमा मात्र सीमित रहेको छ ।

## १.९ शोधपत्रको रूपरेखा

कक्षा सात को हाम्रो नेपाली पुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन शीर्षकको यस शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

| | | |
|---|---|---|
| परिच्छेद एक | : | यस परिच्छेदमा शोधको शीर्षक, शोध पत्रको प्रयोजन, समस्या कथन, अध्ययनको उद्देश्य, पूर्व कार्यको समिक्षा, अध्ययनको औचित्य, अध्ययनको विधि, अध्ययनको सीमा समावेश गरिएको छ । |
| परिच्छेद दुई | : | कथाको सैदान्तिक अवधारणा समावेश गरिएको छ । |
| परिच्छेद तीन | : | निम्न माध्यमिक तहको अनिवार्य नेपाली भाषा पाठ्यक्रमको उद्देश्यलाई चर्चा गरिएको छ । |
| परिच्छेद चार | : | संरचना र शब्दभण्डारको आधारमा कथाको विश्लेषण गरिएको छ । |
| परिच्छेद पाँच | : | कथामा प्रयुक्त नमुना अभ्यासको विश्लेषण गरिएको छ । |
| परिच्छेद छ | : | निष्कर्ष तथा सुझाव दिइएको छ । |

# परिच्छेद : दुई

# कथाको सैद्धान्तिक अवधारणा

## २. कथाको परिचय

आज जुन विधालाई कथा भनिन्छ वा जसरी सम्बोधन गरिन्छ । यो मूलत १९ औँ शताब्दीको देन हो । यद्यपि कथाको इतिहासलाई यत्ति मै सीमीत राख्न सकिन्न। यसलाई परपरसम्म तन्काउन पनि सकिन्छ। मानवीय गतिविधि वा परिश्रमको सर्न्दभमा प्राप्त गरेको अनुभूतिलाई भन्ने र सुन्ने प्रक्रिया सँग कथाको इतिहासलाई जोड्न सकिन्छ । यसरी अर्थ्याउँदा कथालाई मान्छेको इतिहाससँग नजिक छ भन्न सकिन्छ र यो एउटा पुरानो विधा हो । संस्कृतको “कथ” धातुमा “अ” प्रत्यय लागेर कथा शब्द बनेको हो। कथालाई बुझाउने अङ्ग्रेजी शब्द “स्टोरी” हो । हिन्दीमा “कहानी” र बंगालीमा “गल्फ” भन्ने गरिन्छ । कथा, कहानी, स्टोरीका व्युत्पतिगत अर्थ केही कुरा कहनु वा कथेर बताउनु भन्ने बुझिन्छ । साहित्यक विधाका रूपमा भने कथा शब्दको विशिष्ट अर्थ छ । यो आख्यानात्मक संरचनाको माध्यमबाट भाव सम्प्रेषण गर्ने एक विशिष्ट कला हो । (गौतम २०५६.१)

मानव अस्तित्त्वको आरम्भदेखि नै मनुष्यले उसका आफ्ना संवेग र अनुभूतिहरू, उत्कण्डा र उमङ्गहरू आफ्ना साथी सँगीहरूसँग अभिव्यक्ति गर्दै आएको आख्यानलाई कथा भन्न थालियो । कालान्तरमा परिवर्तित स्वरूपमा वैदिक कथा, ब्रामहण ग्रन्थका कथा, पौराणिक कथा, नीति कथा, मनोरञ्जनात्मक कथा, रोमान्सेली कथा, अतिकल्पनात्मक कथा र आधुनिक कथासम्म पनि कथा शब्दको निरन्तरता भएको पाइन्छ ।

आधुनिक सर्न्दभमा कथाले निश्चित परिभाषा तथा मूल्य ग्रहण गर्नु अघि कथा भन्ने र सुन्ने मानव समाज तथा इतिहासको श्रृङ्खला सँगै गाँसिदै आएको छ । पूर्वीय तथा पाश्चत्य समाजको अभिव्यक्ति तथा परम्परालाई हेर्दा पुराना आख्यान, किस्सा आदिको एउटा विशाल भण्डार हाम्रो अगाडि छ । त्यसैले आजको सर्न्दभमा भनिने कथाहरू वास्तवमा कथा नभएर शिल्प शैली, विचार तथा संरचनाका समग्रताका दृष्टिले ती कथात्मकताले भरिएका आख्यान,

उपाख्यान मात्र हुन् । आधुनिक कथाका गुणहरू त्यहाँ पाइने हुनाले इतिहासलाई स्वीकार्नु पर्ने हुन्छ ।

कथा विधा साहित्यको अति पुरानो विधा हो । मान्छेले आफ्नो सुख-दुःख, प्रेम-घृणा र अनुभूतिहरू विभिन्न आवेग संवेगहरू तथा मानवीय संवेदनाका स्तरमा रहेका शाश्वत भावहरू एक अर्कालाई सुनाउँदै र सुन्दै आँउदा ती कथ्य भावहरूले लिखित रूप ग्रहण गरे र तिनलाई आज कथा नामले सम्बोधन गर्न थालियो । त्यसैले आजको कथालाई लोककथाको उत्तराधिकारी विधा हो भनिन्छ । लोककथाभित्र यिनै विशेषताहरू शैली, प्रकृति र अभिव्यक्ति प्रणालीको विकसितरूप लेखयस्तरमा आजको कथा विधा देखापर्दछ । यस अर्थमा विकास सँगसँगै कथाको उत्पति भएको र मानिसको आदिम अवस्थाको सम्प्रेषणको सशक्त माध्यमको रूपमा यो विधा रहेको कुरा सिद्ध हुन्छ । त्यसैले कथालाई मानव सभ्यताको संवाहक भनिन्छ। युगीन परिवर्तनसँग यसको संरचनामा पनि परिवर्तन हुँदै आएको छ । (गौतम, २०५६:१)

लेख्यस्तरमा कथाको इतिहास व्यापक छ । वेदमा संक्षित्त कथाका सुत्रहरू प्रशस्त पाइन्छन् । पूर्वमा मात्र नभएर पश्चिममा पनि कथाको अध्ययन चिन्तन गर्ने अध्येताहरू प्रशस्तै छन् । इतिहासलाई खोतल-खातल पारेर इटाली, रोमेली, इजिप्ट र ग्रीसका पश्चिमी विद्वान्हरूले पुराना आख्यानहरूलाई अध्ययनको क्षेत्र बनाएर आधुनिक कथाको श्रृङखला खोजेको पाइन्छ । तर पश्चिममा भन्दा पूर्वका आख्यान, उपख्यान, किस्सा केही बढी समृद्ध भएको पाइन्छ । वेदमा आख्यान विस्तार भएका कथाहरू बढी पाइन्छन् । यस पछिका बौध ग्रन्थहरूमा वर्णन गरिएका जातक कथाहरू, सँस्कृतका पञ्चतन्त्र र हितोपदेशका कथाहरू, गुणाढ्यको बृहत् कथा, सोमदेवको कथा सरित्सागर आदि प्रसिद्ध हुन् । वेद, पुराण, महाभारत तथा लोककथा नीतिकथाको आफ्नै दीर्घ परम्परा पूर्वमा रही आएको छ । यसै गरी पश्चिममा पनि कथा साहित्य इतिहास जस्तै पुरानो छ । तर साहित्य अन्तर्गतको एक निश्चित र स्वतन्त्र विधाको रूपमा कथाको प्रयोग चाहिँ लेख्य साहित्यको इतिहास प्रारम्भ भएको निकै पछि देखि मात्र भएको हो । यसको प्रयोग जर्मनी, फ्रान्स, रुस, अमेरिका आदि देशमा उन्नाइसौ शताब्दीमा भएको हो । यस पछि विश्व साहित्यमा आख्यान साहित्य अन्तर्गतको एक विधाको रूपमा यसको प्रयोग हुँदै आएको छ । ( गौतम २०५६:१)

कथा आख्यान साहित्य अन्तर्गतको एउटा विधा हो । यो पद्यात्मक नभएर गद्यात्मक हुन्छ । यसलाई लघु विधा पनि भनिन्छ यो विस्तृत नभएर सङ्क्षिप्त हुन्छ ( गौतम २०५६:१) ।

निश्चित पात्र छोटो आकार लगभग एकै बसाइमा पढ्न सकिने कुनै घटना वा अनुभूतिलाई प्रस्तुत गरिएको छ भने त्यसलाई कथा भन्न सकिन्छ । निश्चित स्थान, समय, परिवेश र कार्यव्यपारलाई पनि यसमा समावेश गर्नुपर्दछ र विगत र वर्तमानको कार्यलाई बुझ्न सकिने हुन्छ भन्ने कथा साहित्यले मान्यता लिएको छ ।

निष्कर्षमा कथाको परिभाषा यसरी दिन सकिन्छ -कथा यस्तो रमणीय आख्यात्मक सानो गद्य विधा हो । जहाँ जीवन जगतको कुनै एक अंश वा क्षणको विशिष्ट अनुभूति वा विशिष्ट मर्मको कलात्मक शैलीमा प्रस्तुत हुन्छ । जसले संवेदनाको एकत्व र प्रभावान्विति वहन गर्छ जो अखण्ड तथा स्वयम पूर्ण र कहिलेकाहीँ प्रतिकात्मक पनि हुन्छ ।

## २.१ कथाका तत्त्व

कथा पूर्ण हुनका लागि विभिन्न अवयवहरूका आवश्यकता पर्दछ । कथा निर्माण हुन आवश्यक पर्ने अवयवहरूलाई कथाका तत्त्वहरू भनिन्छ । कथाका तत्त्वहरू यति नै हुन्छन् भन्ने किटान कहीँ पनि पाउन सकिन्न । कथा निर्माणका तत्त्वहरूका सम्बन्धमा विद्वान्हरू बीच पनि मतऐक्यता पाउन सकिन्न । जे. बी. एस्से नवाइनले कथाका मुख्य अङ्गको रूपमा प्रभावैक्य एउटा श्रेष्ठ कथानकहरू एउटा मुख्य घटना मुख्य पात्र एउट समस्या र समाधान आदिलाई मानेका छन् । हड्सनले कथावस्तु, चरित्र, संवाद, शैली, देश, काल, वातावरण र उद्देश्यलाई कथाका तत्त्व मानेका छन् ।

ईश्वर बरालले कथानक, पात्र संघर्ष, घटना, संशय, परकाष्ठ र कलात्मक अन्त्यलाई मानेका छन् । डा. राम कुमार वर्माले कथानक चरित्र, संवाद, वातावरण शैली, प्रकृति वर्णन, वातावरण सत्यता र उद्देश्यलाई कथाका तत्त्व ठानेका छन् ।

कथा निर्माणका तत्त्वहरूका सम्बन्धमा विद्वान्हरूका बीच आ-आफ्नै सैद्धान्तिक दृष्टिकोण रहेको भएतापनि प्रमुख रूपमा निम्न तत्त्वहरूलाई अघि सार्न सकिन्छ ।

१) कथानक / कथावस्तु   २) पात्र / चरित्र  ३) संवाद

४) वातावरण /परिवेश  ५) भाषाशैली   ६) उद्देश्य ७) दृष्टिविन्दु

### २.१.१ कथानक/कथावस्तु

कथावस्तु, कथा निमार्णको पहिलो आधार हो । विषयवस्तु वा घटना विना कथा निर्माणको परिकल्पना समेत गर्न सकिन्न । मानव जीवनका सानातिना तर महत्त्वपूर्ण घटनाहरू कथावस्तु हुन सक्छन् । विषयवस्तु जस्तो सुकै भए पनि बढी घट्नाहरूद्वारा सिर्जिएको कथा सुन्दर नहुन सक्छ । जस्तो सुकै क्षण विषयवस्तु पनि कथावस्तु बन्न सक्छ ।

कथाभित्र पात्रद्वारा घट्ने घटना, गरिने कार्य, सोच र अवस्था एवम् जीवन प्रकृति कथानकका सामग्री हुन् । पात्रको क्रियाव्यापारद्वारा अगाडि बढ्ने कथानक गतिशील हुनुपर्दछ । कथालाई आदि मध्य र अन्त्य गरी तीन भागमा विभाजन गरिएको हुन्छ । कथानकको स्रोत इतिहास, पुराण समाजिक यथार्थ घटनाहरू, सवैरकल्पना, विज्ञान, धर्म आदि जुनसुकै हुनसक्छन् ।

सानो तर महत्त्वपूर्ण घटनाहरूलाई एकत्रित गरेर तयार गरिने कथा पुष्पगुच्छाहरूबाट एउटा सुन्दर मालातयार भए जस्तै हुन्छ । विषयवस्तुलाई श्रृखलाबद्ध र कौतुहलतापूर्ण तरिकाले प्रस्तुत गर्ने शिल्प भने कथाकारमा नै निहित हुन्छ । तसर्थ कथावस्तुलाई कथाभित्रको आख्यान तत्त्व मान्न सकिन्छ ।

### २.१.२ पात्र / चरित्र

कथाका पात्र/ चरित्र कथावस्तुलाई अगाडि बढाउने बाहक हुन् । पात्रहरूकै माध्यमबाट कथावस्तु अगाडि बढेको हुन्छ । कथामा धेरै पात्रहरूको भीड लगाउनु भन्दा थोरै पात्रद्वारा मूलपात्रको चरित्र विकास र स्थिति दर्शाउनु सान्दर्भिक हुन्छ । कथाको रोचकता पात्रको स्वभाविकता, सजीवता, मनोवैज्ञानिक विश्लेषण, अन्तर्द्वन्द्व र स्वतन्त्रतामा निर्भर गर्दछ । चरित्रको प्रस्तुतिमा नै कथाको स्तर निर्भर हुन्छ । कथामा प्रयुक्त पात्रहरू प्रमुख/सहायक,

गतिशील, स्थिर, व्यक्ति प्रधान/वर्ग प्रधान, सरल/जटिल र सजीव/ निर्जीव आदि रूपमा वर्गीकरण गर्न सकिन्छ । यी सबै खाले चरित्रहरूको स्वरूप बाह्य वा आन्तरिक किसिमको हुन्छ । निर्जीव वस्तु कथाको पात्र बनेर आएको छ भने आधुनिक कथामा त्यसको चित्रण प्रतिकात्मक ढङ्गले पनि प्रस्तुत गरिएको हुन्छ ।

### २.१.३ संवाद

संवाद कथाको अनिवार्य तत्त्व होइन । संवाद विना पनि कथा लेख्न सकिन्छ तर कथामा नाटकीयता ल्याउन, कथालाई गति दिन पात्रको अवस्थालाई स्वयमद्वारा व्यक्त गराउन कथामा संवादको आवश्यकता पर्दछ । संवाद पात्रको स्तर देशकाल अवस्था, परिस्थिति अनुकुल सङ्क्षिप्त र सजीव हुनुपर्छ सुन्दर र थोरै कथोपकनले कथामा रोचकता ल्याउनका साथै मनोरञ्जन सिर्जना गर्दछ । कथोपकथनलाई कथा अनुकुल बनाउन संवाद पात्रानुकुल र मर्मस्पर्शी स्वभाविक र रोचक हुनुपर्दछ ।

### २.१.४ वातावरण / परिवेश

कुनै घटना घटेको स्थान समय वातावरण जुन पात्रको जीवन भोगाइसँग सम्बन्धित छ त्यसलाई परिवेश भनिन्छ । कथामा घटित घटना कुन समय कुन भौगोलिक वातावरणमा घटेको हो त्यसलाई कथाकारले समाख्यात्मक वा दृश्यात्मक विधिद्वारा पात्रहरूका माध्यमबाट पनि प्रस्तुत गर्न सक्छ । वातावरणले कथालाई सजीव र स्वभाविक बनाउछ । सजीवता र स्वाभाविकतामा नै कथाको विश्वासनीयता अडेको हुन्छ । कथामा वाह्य र आन्तरिक पक्ष समाहित हुन्छन् । बाह्य पक्ष भौतिक जगतसँग सम्बन्धित हुन्छ भने आन्तरिक मानसिक पक्षसँग सम्बन्धित हुन्छ । कथामा एकातिर मानवचरित्रको रूप पाइन्छ भने अर्कोतिर सामाजिक धरातलको आधारभूमि हुन्छ । वर्तमान कथामा बाह्यपक्ष भन्दा आन्तरिक पक्षलाई अत्याधिक रूपमा प्रयोग गरिएको पाइन्छ । कथामा वातावराण एक किसिमको घटना, चरित्र अर्को किसिमको भयो भने त्यहाँ कथाको औचित्य हुन्न ।

### २.१.५ भाषाशैली

भाषा भाव या विचार अभिव्यक्ति गर्ने सशक्त माध्यम हो । भाषालाई अभिव्यक्तिगर्ने तरिका वा ढङ्ग नै शैली हो । कथामा कथाकार र पात्रको भाषा भिन्न हुन्छ । कथाकार र पात्रको भाषामा भिन्नता भएपनि भाषाको एउटै मूलस्रोत हुन्छ । भाषा वस्तुको आवरण हो भने शैली त्यसको एउटा प्रकार हो । भाषा कुनै एक व्यक्ति हो भने शैली त्यसलाई झल्काउने व्यक्तित्व हो । भाषा पात्रानुकुल सङ्क्षिप्त सरल र सरस हुन आवश्यक छ । कथाले प्रस्तुत गरेको भौतिक र सामाजिक वातावरण अनुकुल भाषा शैलीको प्रयोग हुन आवश्यक छ । भाषाशैलीले नै कथालाई सहजता स्वभाविकता दिन्छ र विश्वशनीयता बढाउँछ ।

### २.१.६ उद्देश्य

कुनै पनि कथा रच्नको केही न केही उद्देश्य रहेको हुन्छ । तसर्थ कथाको उद्देश्य पाठकलाई तत्काल स्वस्थ मनोरञ्जन दिनु र कुनै न कुनै सत्यको प्रतिष्ठा गर्नु हो । उद्देश्य कथामा अमूर्तरूपमा रहेको हुन्छ । उद्देश्यको निर्क्योल पाठकीय प्रभावबाट गरिन्छ । जीवनको विशिष्ट

क्षण वा अवस्थाको विशिष्ट कार्यव्यपारको चित्रण नै आजका कथाको उद्देश्य रहेको देखिन्छ । नीतिचेतना, सुधारवादी भावना यथार्थवोध मनका विभिन्न वृत्तिहरूको वर्णन सौन्दर्यात्मक प्रभाव, आनन्द आदि कथाका उद्देश्य हुन सक्छन् ।

### २.१.७ दृष्टिविन्दु

कथामा दृष्टिविन्दुको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । कथावस्तुलाई हृदयसंवेद्य बनाउने कार्यमा दृष्टिविन्दुको गहकिलो भूमिका रहेको हुन्छ । कथाकारले कल्पित घटनालाई प्रस्तुत गर्ने क्रममा पात्रलाई कुन स्थानमा राखेर कथा लाई मूर्तता प्रदान गरेको छ भन्ने कुराको स्पष्ट अभिव्यक्ति दृष्टि विन्दुबाट प्राप्त गर्न सकिन्छ । पात्रको क्रियाकलाप मानसिक संवेग चिन्तन आदिलाई प्रकट गर्ने कार्य दृष्टिविन्दुले गर्दछ । पात्रको क्रियाकलाप मानसिक तथा वौद्धिक उचाइका आधारमा कथाकारको मापन गर्ने कार्य दृष्टिविन्दुबाटै गरिन्छ । दृष्टिविन्दुलाई आन्तरिक र बाह्य गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । आन्तरिकलाई केन्द्रीय र परिधीय गरी दुई प्रकारमा विभाजन गरिएको छ भने बाह्यलाई समदर्शी सीमीत र वस्तुपरक गरी तीन प्रकारमा विभाजन गरिएको छ ।

आन्तरिक दृष्टिविन्दु भन्नाले कथामा प्रथम पुरुषात्मक “म” पात्रका माध्यमबाट कथाकारले आफ्ना भावनाहरू अभिव्यक्त गर्ने कार्य हो । यसमा कथाकारले घटना र पात्रको वर्णन गर्दा आफूलाई कथाभित्रै समाहित गरेको हुन्छ । कथाकारले विषयवस्तुको जानकारी भए भ्रै घटनास्थल भन्दा वाहिर रहेर अरुको बारेमा विवरण प्रस्तुत गर्ने कार्यलाई बाह्य दृष्टिविन्दु भनिन्छ । दृष्टिविन्दुको कारणले कथा भन्ने को हो र कसले कसको कथा भनिरहेको छ भन्ने कुरा छुट्याउन सकिन्छ । दृष्टिविन्दु कथावस्तुको को क्रममा निर्णायक आधार बन्न सक्दछ ।

उपर्युक्त तत्त्वहरू कथाका आधार स्तम्भहरू सामान्यतः यी तत्त्वहरूको अनुपस्थितिमा कथा निर्माण हुन सक्दैन । कथाका घटक वा अवयवहरू जसको उपस्थितिले कथालाई रोचक र आनन्दता प्रदान गर्ने प्रयास भएको हुन्छ । कथाका घटकहरू कथावस्तु वा कथानक पात्र /चरित्र, संवाद वातावरण/परिवेश, भाषाशैली, उद्देश्य, दृष्टिविन्दु आदिको आ-आफ्नो

ठाँउमा आफ्नै किसिमको महत्त्व र भूमिका रहेको हुन्छ । त्यसमध्ये पनि कथाको महत्त्वपूर्ण र आधार स्तम्भ भनेको कथावस्तु हो जसको अनुपस्थितिमा कथाको परिकल्पना समेत गर्न सकिन्न ।

## २.२ कक्षा सात को हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूको वर्गीकरण

कथाको विषयवस्तु विभिन्न क्षेत्रबाट उठान भएको हुन्छ । सुन्दर कथा निर्माणको लागि विषयवस्तु गहन हुनुपर्छ भन्ने केही छैन झिनो विषयवस्तु जसलाई जो कसैले सहज रूपमा यो पनि कथाको विषयवस्तु बन्छ भन्ने कुराको अनुमान गर्न नसकेको भए पनि त्यसलाई कथाको आधारभूमि कथानक भन्न सकिन्छ । अति झिनो विषयवस्तु चाहे ती पौराणिक विषयवस्तु हुन् या सामाजिक वा अन्य कुनै जसलाई कथाको आधारभूमि मान्न सकिन्छ । कथानकको क्षेत्रको आाधारमा कक्षा सात को हाम्रो नेपाली किताब मा समाविष्ट कथाहरू निम्न क्षेत्रहरूबाट लिइएको पाइन्छ । यस पुस्तकभित्र समावेश भएका कथाहरू यस प्रकार वर्गीकृत भएको देखिन्छ ।

पौराणिक कथा : वाल्मीकि

लोक कथा : खरानीको डोरी

नीति कथा : मानिसलाई कति जमिन चाहिन्छ?

सामाजिक कथा : कदर्य

सामाजिक कथा : बुहारीको खोजी

आधुनिक कथा : मास्टरकी आमा

निम्न माध्यमिक तहका नेपाली भाषाको पाठ्यक्रममा कथाहरूलाई पौराणिक कथा, लोककथा, नीतिकथा सामाजिक कथा र आधुनिक कथा गरी ५-६ वटा सम्म कथाका पाठहरू समावेश गर्ने निर्णय गरेको छ । तसर्थ यी विविध कथानकका क्षेत्रहरूबाट समाविष्ट कथाहरू के कसरी उपर्युक्त आधारका हुन भनी निम्नानुसार परिचय दिइएको छ ।

### २.२.१ पौराणिक कथा

धार्मिक ग्रन्थहरूका आधारमा तयार पारिएका कथाहरूलाई पौराणिक कथा भनिन्छ । वेद , पुराण, महाभारत, रामायण आदिमा उल्लेख भएका विषयवस्तुमा आधारित कथालाई पौराणिक कथा भनिन्छ । यस अर्न्तगत वेद,पुराण, महाभारत, रामायण, बुद्ध ग्रहन्थका जातक कथाहरू रहनेछन् । यी कथाहरूबाट परम्परागत मूल्य र मान्यताको बोध गराई तत्सम्बन्धी चेतना जगाउन सहयोग पुऱ्याउने उद्देश्य लिएर कथाहरू राखिएको छ । पौराणिक मूल्य, मान्यताको बोध गराई बालबालिकाहरूलाई तत्सम्बन्धी सकारात्मक व्यवहार निर्माण गराउने उद्देश्य पाठ्यक्रमको रहेको पाइन्छ ।

कक्षा सात को हाम्रो नेपाली किताबमा समाविष्ट वाल्मीकि कथाको कथानकको क्षेत्र पौराणिक रहेको छ । यस कथामा रहेको प्रमुख पात्र रत्नाकर जीवनको पूर्वाद्धमा अत्यन्तै क्रुर र पापी रहेको देखिन्छ । पारिवार धान्ने उद्देश्यले मानिसहरूलाई दुःख दिने धन सम्पत्ति लुट्ने आदि उसको दिनचर्या थियो । हेर्दै डरलाग्दो क्रुर , घमण्डी र अरुको कुरा नसुन्ने रत्नाकरको ऋषिमुनि नारदजीसँगको भेट पछि उसका कुकृत्यको दोषी आफैं मात्र हुनुपर्ने र पापको कुण्डमा

आफैँ मात्र फस्नुपर्ने , उसको कुकृत्यको सजाय आफैँमात्र भोग्नुपर्ने भन्ने कुराले त्रसित भएपछि बाँच्ने उपाय स्वरूप ऋषिले दिएको मन्त्र जप्दाजप्दै उसमा आएको परिवर्तन र उसले प्राप्त गरेको ज्ञानले जन्मिएको ग्रन्थ रामायण र त्यही व्यक्ति ब्रमाण पुत्र भएको वाल्मीकी नाम रहेको दृष्टान्त यस कथामा रहेको छ ।

हाम्रा ऋषिमुनिहरू अर्थात धर्मका प्रचारकहरू ज्ञानगंगा हुन् । उनीहरूमा रहेको ज्ञानसागरले पशुवत व्यवहार गर्ने व्यक्तिहरूलाई परिवर्तन गरी सारा जीवात्माहरूको ज्ञान प्राप्त गर्ने एउटा विद्धत व्यक्तित्वको रूपमा परिणत गर्दछ भन्ने कुरालाई प्रष्ट पारेको छ ।

यस कथाले हाम्रा समाजमा रहेका धार्मिक वा विद्धत व्यक्तित्वहरूबाट प्राप्त हुने ज्ञान जसलाई सकारात्मक तवरले ग्रहण गर्न सके विभिन्न कुकृत्यहरूबाट उन्मुक्ति लिन सकिन्छ भन्ने मान्यता प्रदान गर्दछ । त्यसैले यस कथाले बालबालिकालाई पौराणिक विषयमा रहेका मूल्य मान्यता प्रति सकारात्मक सोच राख्न प्रेरित गरेको देखिन्छ ।

### २.२.२ लोककथा

अलिखित कथ्य बोलिका रूपमा परम्परादेखि समाजमा विविध विषयवस्तुलाई रोचक कथाका रूपमा सुन्ने सुनाउने चलन पुस्तेनी रूपमा हस्तान्तरित हुँदै आएको पाइन्छ । यस्ता लिखित स्रोत नभेट्याइएका तर लोकमा प्रचलित कथालाई लोककथा भन्ने गरेको पाइन्छ । यी लोककथाहरू कुनै सँस्कृति जनजीवन , रीतिरिवाजलाई प्रतिबिम्बत गर्ने हुनुपर्छ (मा. वि. पाठ्यक्रम २०३८) । गाँउघरमा प्रचलित परम्परागत लिखित, अलिखित रूपले चल्दै आएको रोचक ज्ञानबर्द्धक कथाहरू यस अर्न्तगत राखिएको छ । यसबाट भाषिक सीपका अतिरिक्त राष्ट्रिय जनजीवनका विविध पक्षहरू झल्काउने किसिमका पाठहरू समावेश गरिनेछ । यस भित्र दन्त्य कथाहरू पनि समाविष्ट हुन सक्नेछन् । (नि. मा. वि. पाठ्यक्रम नेपाली २०५०)

कक्षा सात को हाम्रो नेपाली पुस्तकमा समाविष्ट खरानीको डोरी कथाको कथानक क्षेत्र लोक रहेको छ । यस कथामा कुनै एकादेशमा रहेको राज्यका खराब प्रचलन जुन राजालाई थाहा थिएन तर राज्यको  अधिकारीहरू त्यसलाई कडाइका साथ पालना गर्न बाध्य गराउथैं । त्यहाँको

खराब चलन आफ्ना बाबुआमा, बूढाबुढी भए पछि एकान्त जंगलमा छाड्नु पर्ने कानुनी व्यवस्था रहेछ । यस कथाका पात्र आङ्दावा पनि बूढो भए पछि उनको छोरा आङ्फुर्वा आफ्नो बाबुलाई जङ्गलमा छोड्न लैजान्छ तर मायाले गर्दा छोड्न नसकी फर्काएर लिएर आउनु र बाबुलाई कसैले नदेख्ने गरी लुकाएर राख्दा केही समय पछि राजाले खरानीको डोरी बाटेर ल्याउनेलाई धेरै धनसम्पत्ति दिनुका साथै राजकुमारीको विवाह पनि ऊसित गरिदिने भनी भ्याली पिटाएकाले आङ्फुर्वाले त्यसको उपाय आफ्नो बाबुसित सोध्दा बाबुले सहज समाधान निकाल्नु, यो समस्या आङ्फुर्वाले समाधान गरेको भए पनि राजाले अनेकन समस्याहरू निकाल्दै जानु सबै समस्याहरूको समाधान बाबुबाट हुदैं जानु र अन्त्यमा समस्या समाधान गर्ने व्यक्तिको रहऱ्योत्घाटन हुनु । त्यसबाट राजा चकित पर्नु र अब उप्रान्त बूढाबुढीहरूलाई स-सम्मानसँग घरमा राख्नुपर्ने आदेश दिनु र राजकुमारीको विहे आङ्फुर्वासँग हुनु । यो एउटा सामान्य जनजीवनको धेरैजसो असम्भव सोच जुन कहिल्यै पूरा हुन सक्दैन । लोककथा यस्तै असम्भव र तिलस्मी विषयवस्तुबाट सृजित हुन्छ र

त्यसको अन्त्य त्यसरी नै हुन्छ जुन सामान्य जनजीवनको परी कल्पना मात्र बन्दछ । त्यसैले खरानीको डोरी कथाको कथानकको आधारभूमि लोक जीवन रहेको पाइन्छ ।

### २.२.३ नीतिकथा

नैतिक चरित्र निर्माण गर्ने उद्देश्यले सृजित कथा नीतिकथा हो । नीति कथाहरू उपदेशात्मक हुनुका साथै बुद्धि प्रदाता पनि हुन्छन् । नीतिकथाहरू पौराणिक, सामाजिक, ऐतिहासिक आदि विभिन्न विषयवस्तुलाई आधार मानेर तयार गर्न सकिन्छ । विषयवस्तुमा एकरूपता नदेखिए पनि यसको प्रमुख उद्देश्य पाठक वर्गलाई कुनै न कुनै किसिमको उपदेश वा बुद्धि दिनु हो । जसबाट पाठकले उसका गल्ती कमजोरी सच्याउँदै आफूलाई सभ्य र चरित्रवान नागरिक निर्माणमा सहयोग पुग्दछ । यस्ता कथाहरूले विद्यार्थीहरूमा समाजका सम्पूर्ण मानिसहरूसँग व्यवहार गर्ने तरिका सिकाउनुका साथै समाजमा कसरी बस्नुपर्दछ भन्ने बारेमा उपदेश प्रदान गर्दछ । कस्तो कार्य नैतिक मूल्य मान्यता अनुरूप हुने र कस्तो कार्य नैतिक मूल्य मान्यता विपरित हुने । कुन कार्य गर्नु हुने र कुन नहुने आदिलाई आदर्शोन्मुख बनाउने काम गर्दछ । त्यसैले नैतिक दृष्टान्त दिने कथाहरू नि. मा. वि. तहमा राख्नु उपयुक्त ठानिएको हो ।

कक्षा सात को हाम्रो नेपाली किताबमा समाविष्ट “मानिसलाई कति जमिन चाहिन्छ ?” भन्ने कथा नैतिक उपदेशात्मक रहेको पाइन्छ । यस कथामा रहेको पात्र प्याखोभ असाध्यै लोभी र आरिसे देखिन्छ । धेरै जमिन बटुल्ने ठूलो खेती गर्ने र अन्य मानिसहरूको मालिक बनेर उनीहरूलाई दास झैं काम लगाउने उसको इच्छा देखिन्छ । उसको आरिसे र लोभी स्वाभावको कारण थोर पैसामा धेरै जग्गा किन्न सकिने कुरा बास्किरका एउटा घोडा व्यापारीबाट थाहा पाउँछ, र ऊ बास्किार जान्छ र एक हजार रुबलमा एकदिनभरि घुम्दा उसको पाइलाले जति जमिन टेक्छ सबै उसको हुन्छ भन्ने कुरा सुनेपछि लोभी प्याखोभ धेरै हौसिन्छ । रातभर ननिदाएको प्याखोभ सूर्योदयसँगै बास्किरहरूलाई बोलाउँदै झोलामा एक दुई वटा रोटी हालेर जग्गा घेर्न कोदालो लिएर हातरिएर निर्दिष्ट विन्दुबाट कुद्न थाल्छ, उसको कुदाइमा लोभले आतेस हुन्छ । खानेकुरा नखाई कुदेको प्याखोभले धेरै राम्रा राम्रा

फाँटहरू आफ्नो बनाउन सफल हुन्छ । घाम अस्ताउन लागेको कारण उसमा झन हतार बढछ । कुद्दा कुद्दै पहिले कै विन्दुमा त आइपुग्छ तर उ शिथिल भएकोले ऊ बाँच्न सक्दैन उसको लागि मात्र छ फुट जमिन टाउको देखि खुट्टासम्म काफी हुन्छ ।

यस कथाले संसार भरका ती लोभ र आरिस बोकेका मानिसहरूलाई के सन्देश दिन खोजेको पाइन्छ भने मानिसले लोभ गरेर जतिसुकै जग्गा जमिन र सम्पत्तिको डङ्गुर लगाए पनि आखिर उसले मरेर केही लान सक्दैन । उसलाई मरेपछि शीरदेखि पाउसम्म मात्र छ फुट जमीन भए पुग्छ । नेपाली समाजमा चलेको उखानले लोभले लाभ लाभले विलाप भने झैं यस कथामा पनि लोभ गर्नेले लाभ त प्राप्त गर्दछ तर लाभ पछि नराम्रो दुर्घटना सम्म बेहोर्नु पर्दछ भन्ने कुराको नैतिक सन्देश राम्ररी उत्घाटित गरेको पाइन्छ । त्यसैले यस कथालाई नैतिक उपदेशात्मक भएको कारण नीति कथा मान्न सकिन्छ ।

### २.२.४ सामाजिक कथा

समाजका पीडा दर्द, हर्ष, शोक आदि जस्ता विविध पक्षहरूलाई टपक्क टिपेर छापिएको कथालाई सामाजिक कथा भनिन्छ । विसङ्तिका चाप प्रतिचापका माझमा राजनैतिक, आर्थिक,

भौगोलिक, प्राकृतिक अवस्थाको वस्तुपरक एवम् भावपरक चित्रण गर्ने कार्य सामाजिक कथामा गरिएको हुन्छ । विशेष गरेर  वर्तमान समाज प्रति नै अभिमुख समाजिक कथाहरूमा विकृति र विसङ्गतिको चिरफार गर्दै आर्दशवादी चेतका साथै यथार्थवादी चिन्तनमा सामाजिक सुधारको प्रतिविम्ब गरिएको हुन्छ । समग्रमा समाजको सच्चा तस्वीर झल्किएको कथालाई सामाजिक कथा भनिन्छ ।

यस पाठ्यपुस्तकमा समाविष्ट कर्दय र बुहारीको खोजी कथाहरूले सामाजिक यथार्थतालाई स्पष्टपारेको छ । कर्दय कथाको मुख्य पात्र कर्दय जातिले ब्रम्हाण हो । उसको एकमात्र उद्देश्य अर्थोपार्जन  हो भने जस्तो नखाई नलाई सम्पत्ति जम्मा गर्ने मात्र उद्देश्य रहेकोले उसका दुई पुत्र लगायत उसकी श्रीमतीले समेत घर छोडेर हिँडिसकेका थिए । एक झुम्रो लाउन र एक पेट खान समेत नपाएका उसकी श्रीमती र छोराहरू कहाँ गए पत्तो थिएन तर कदर्य भने सम्पत्ति बढाउन तल्लिन थियो । लक्ष्मीपूजाको दिन ऊ लक्ष्मीकोपूजा गर्न व्यस्त थियो ।त्यतिकैमा एउटाजटाधारी साधु आयो र सम्पत्ति बृद्धि गर्ने उपाय सिकायो । साधुले सम्पत्ति बृद्धि गर्न जडिबुटीको चुर्णामिश्रित दूध लक्ष्मीलाई चढाउन लगायो । कदर्यलाई पनि लक्ष्मीको प्रसाद स्वरूप उक्त चुर्णमिश्रित दूध खान लगायो । दूध खाएको केही बेरमा नै कदर्य बेहोस भई लड्यो । उसले केही थाहा पाएन भोलिपल्ट उठेर हेर्दा उसले आफ्नो स्वर्णमुद्रा र रत्नहरूले भरिभराऊ वाकस रित्तो पायो । यो दृश्यले ऊ दुई चार दिन वेहोस भयो । उसले सुटुक्क बाँडेका ऋणहरू पनि कसैले दिएन । ऊसँग अब सम्पत्तिको नाममा केही रहेन । कदर्य भिखारी बन्यो । उसलाई धेरैले भिक्षा दिन अस्वीकार गर्थे । ऊ पागल झैं रुने हाँस्ने गर्दथ्यो ।

उपर्युक्त घटनाले ब्रमाण जातिमा देखिने सम्पत्ति मोह र त्यसले परिवार लगायत आफूलाईसमेत विपत्तिको घडी आउन सक्ने सामाजिक यर्थाथतालाई स्पष्ट पारेको छ । त्यसैले यस कथालाई सामाजिक कथाको श्रेणीमा राख्न सकिन्छ ।

यस पाठ्यपुस्तकमा समाविष्ट बुहारीको खोजी कथा सामाजिक आर्दशतालाई आत्मसाथ गर्दै लेखिएको कथा हो । श्रीमती, छोरी र बुहारी घरका लक्ष्मी हुन् भन्ने नेपाली समाजको आहान छ । उनीहरूको हातमा नै घरको सारा लच्छिन अडिएको हुन्छ । असल शील स्वाभावले पूर्ण भएकी महिलाले मात्र कुशल तरिकाले घर व्यवहार चलाउन आफन्त पराई सारा रिझाउन सक्छिन् ।

त्यसैले राम्रा शीलगुण अर्थात बत्तीस लक्षणले युक्त भएकी महिला आफ्नी श्रीमती वा बुहारी बनाउने रहर कसलाई हुँदैन र ! सर्वगुण सम्पन्न स्वास्नी मानिसबाट मात्र एउटा परिवार असल र आर्दश बन्दछ । असल बुहारी खोजीमा अपनाइएको उपायहरू र भेटिए पछिको खुसी साच्चै हाम्रो समाजको यर्थाथ हो । यस कथाले यथार्थवादी धरातलमा उभिएर आर्दशवादी चेतना दिन खोजेकोले यस कथालाई सामाजिक कथा मान्न सकिन्छ ।

### २.२.५ आधुनिक कथा

समाजमा घटेका घटनाहरूलाई यथार्थरूपमा चित्रण गर्ने वर्तमान युग चेतनालाई प्रतिबिम्बत गर्ने कथालाई आधुनिक कथा भनिन्छ । आधुनिक नेपाली कथा साहित्यका प्रतिनिधि कथाकारका सामाजिक, बालमनौवैज्ञानिक र यथार्थवादी कथाहरू यस अर्न्तगत रहने छन् । (नि.मा.वि. पाठ्ययक्रम २०५८)

केही प्रतिविधि कथाकारका कथाहरू समावेश गरेर शिक्षार्थीहरूलाई आफू बसेको समाज भित्र कस्तो किसिमको आवस्था रहेको छ त्यसमा परिचित गराउदै  उसमा भएको सिर्जनात्मक कलालाई प्रस्फुटन गर्नु हो ।

यस पुस्तकमा समाविष्ट मास्टरकी  आमा कथा आधुनिक कथा हो । यस कथामा सामाजिक यथार्थ घटनालाई कथाको कथानक बनाइएको छ । यस कथाको हर्के पात्र नेपाली दीनदुःखीहरूको एउटा प्रतिनिधि हो । सानै उमेरमा बाबुको मृत्यु पश्चात टुहुरोको जीवन व्यतित गर्न बाध्य हर्के घरको दुःखले आफ्नी एक्ली आमालाई चटक्क छाडेर शहर पस्नु र उतै शहरमा काम गर्दै पढेर आइ. ए सम्मको शिक्षा लिई घर फर्कनु त्यसपछि गाउँ कै एउटा विद्यालयको शिक्षक हुनु, हिजोको दीनहीन जीवन विताउन बाध्य भएकी हर्केकी आमा आज मास्टरकी आमा बन्नु आदि यस कथाको कथानक हो । यस कथाले सामाजिक यथार्थतालाई छर्लङ्ग पार्दै वर्तमान युग चेतनाको प्रतिबिम्ब हर्के पात्र मार्फत दिन खोजेकोले यसलाई पूर्ण रूपमा आधुनिक कथा मान्न सकिन्छ ।

## २.३ सारांश

मानव अस्तित्त्वको आरम्भदेखि नै मनुष्यले आफ्ना हर्ष, संयोग र अनुभूतिहरू साथीहरूलाई अभिव्यक्ति गर्दै आएको आख्यानलाई कथा भन्न थालियो । कालान्तरमा परिवर्तित स्वरूपमा विविध कथाहरू देखा पर्न थाले । कथा विधा साहित्यको अति पुरानो विधा हो । मान्छेले दुख, सुख, प्रेम, घृणा, आवेग संवेगजस्ता मानवीय संवेदनाका स्तरमा रहेका शाशस्वत भावहरू एक अर्कालाई सुनाउँदै र सुन्दै आउँदा ती कथ्य भावहरूले लिखितरूप ग्रहण गरे । पूर्वका मात्र नभई पशि्चममा पनि कथाको अध्ययन खोतल खातल पारेर इटाली, रोमेली, इजिष्ट र ग्रीसका पशि्चमी विद्वानहरूले पुराना आख्यानहरूलाई अध्ययनको क्षेत्र बनाएर आधुनिक कथाको श्रृङखला खोजेको पाइन्छ । कथा आख्यान साहित्य अर्न्तगतको एउटा विधा हो । यो पद्यात्मक नभएर गद्यात्मक हुन्छ । यसलाई लधु विधा पनि भनिन्छ ।

यो विस्तृत नभएर सङक्षिप्त हुन्छ । यसरी पूर्व र पशि्चमका विद्वान्हरूले विविध रूपले कथालाई परिभाषित गर्दै आएका छन् र आज १९ औ शताब्दीबाट  आधुनिक आकार ग्रहण गर्न सफल भएको छ । कथाको पूर्ण रचनाको लागि आवश्यक मानिएका तत्त्वसम्बन्धमा विद्वान्हरूबीच आ-आफ्नै सैदान्तिक दृष्टिकोण भएको पाइन्छ तापनि प्रमुख रूपमा कथानक चरित्र, संवाद, परिवेश, भाषशैली, उद्देश्य, दृष्टिविन्दुलाई लिन सकिन्छ । कथाको वर्गीकरण गर्दा कक्षा सात को हाम्रो नेपाली किताबमा पौराणिक लोक, नीति, सामाजिक र आधुनिक कथा गरी जम्मा पाँच प्रकारका कथाहरू राखिएका छन् । पौराणिक लोक, नीति र आधुनिक क्षेत्रका कथानकलाई समेटेर १/१ वटा कथा पाठ्यपुस्तकमा समावेश गरिएको छ भने सामाजिक विषयवस्तुलाई आधार मानी लेखिएका दुई वटा कथाहरू पाठ्यपुस्तकमा समाविष्ट छन् ।

साहित्यका विविध विधा जस्तै कथा पनि एक स्वतन्त्र विधा हो । प्रत्येक विधाको आ-आफ्नै विशेषता भए जस्तै यसको पनि पहिचानको निम्ति अलग्गै विशेषता पाइन्छ । यसको विशेषता साहित्यका अन्य विधासँग केही मिल्ने र केही नमिल्ने खालका हुन्छन् । विद्यालय तहमा कथा शिक्षणको महत्त्व भाषिक सीपको विकास नभएका भने होइनन् तर कथा विधा बचपन देखि नै आफ्ना अग्रजहरूबाट सुन्दै आएकोले यसबाट बढी सुनाइ सीपको विकास हुनुको अत्तिरिक्त बोलाइ र लेखाइ सीपको पनि राम्रो विकास भएको पाइन्छ । त्यसैले कथा विधालाई तल्लो

तहदेखि उच्चतह सम्मको लागि प्रमुख विधाको रूपमा  गरिने गरेको पाइन्छ । कथा शिक्षणबाट विद्यार्थीले घटनाको क्रमिकरूपले वर्णन गर्न, विचार गर्न, कथाबोध बाट उत्पन्न हुने संवेगात्मक अनुभूति र कल्पना शक्तिको विकास गर्न सक्छन् । यसबाट विद्यार्थीको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्न, काल्पनिकता र सृजनशीलताको विकास गर्न, शुद्ध उच्चारण गर्न र शब्द निर्माण प्रक्रियाको अभ्यास गर्न समेत सहयोग पुग्दछ ।

# परिच्छेद-तीन

# पाठ्यक्रम अनुरूपताको स्थिति

कुनै पनि तहको पाठ्यपुस्तक त्यस तहको पाठ्यक्रमको आधारमा निर्माण गरिन्छ । पाठ्यक्रमले निर्धारण गरेका विधा क्षेत्र र उद्देश्यलाई पूर्ति गर्ने गरी पाठ्यपुस्तकमा पाठहरू समावेश गरिन्छ । भाषा पाठ्यपुस्तकमा समाविष्ट पाठहरूले पाठ्यक्रमको उद्देश्यपूर्ति गर्न सक्छन्, सक्नैनन् ? भनेर अध्ययन गर्नु आवश्यक ठानिन्छ । पाठ्यक्रम एउटा लक्ष्यसम्म पुग्ने गोरेटो हो भने पाठ्यपुस्तक लक्ष्यपूर्ति गर्ने साधन हो । तसर्थ कुनै तहमा पाठ्यपुस्तकको पाठ्यक्रम अनुरूपताको स्थिति के कस्तो छ ? भनेर हेर्नु आवश्यक हुन्छ । पाठ्यक्रम अनुरूपताको स्थिति भन्नाले पाठ्यपुस्तकमा राखिएका विधा, क्षेत्र, क्रम, पाठ्यक्रम अनुरूपले निर्देशन गरे अनुरूप छ, छैन ? भनेर अध्ययन गर्नु हो । भाषा पाठ्यपुस्तकको विश्लेषण गर्दा वा पाठ्यपुस्तकमा समाविष्ट कुनै एक विधाको विश्लेषण गर्दा  पाठ्यक्रम अनुरूपताको स्थितिलाई केलाउनु पर्ने हुन्छ । पाठ्यक्रम अनुसार पाठ्यपुस्तकमा पाठहरू राखे मात्र विद्यार्थीहरूलाई निश्चित मार्ग दर्शन गर्न सकिन्छ । देशको राष्ट्रिय आवश्यकता अनुरूप पाठ्यक्रम निर्धारण गरिन्छ भने पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक निर्माण गरिन्छ ।

यस परिच्छेदमा पाठ्यक्रम अनुरूपताको स्थिति भनेर नि. मा. वि. तहको कक्षा सात को हाम्रो नेपाली किताबमा समाविष्ट कथाका पाठहरू पाठ्यक्रमले निर्देशन गरे अनुरूप छन् कि छैनन् ? भनेर हेर्ने जमर्को गरिएको छ । साथै पाठ्यक्रम अनुरूप नभएका पाठहरू के कति छन?् तथा के कस्ता पाठहरू पाठ्यक्रमले राख्ने निर्देशन दिएको छ,? त्यसको पनि विश्लेषण गरिएको छ । पाठ्यक्रमको लक्ष्य एकातिर र पाठ्यपुस्तक निर्माण अर्कोतिर भइदिए राष्ट्रको लगानी डुब्ने हुनाले उद्देश्य अनुसार साधनको निर्माण आवश्यक ठानिन्छ ।

## ३.१ पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध

पाठ्यक्रमलाई सम्बन्धित तहको शैक्षिक कार्यकलापको योजना भन्न सकिन्छ । यसलाई शिक्षण प्रक्रियाको मुटु मानिन्छ । त्यसैले पाठ्यक्रम र पाठ्यपुस्तक बीच घनिष्ट सम्बन्ध हुन्छ । पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, विषयवस्तुको  शिक्षण व्यवस्था विषयवस्तुको क्रम, क्षेत्र आदि निर्देशित गरिएको हुन्छ । पाठ्यक्रमका उद्देश्यपूर्ति गर्न चाहिने सामग्री वा साधनहरू मध्ये महत्त्वपूर्ण साधन पाठ्यपुस्तक हो । त्यसैले पाठ्यक्रमको लक्ष्य अनुसार पाठ्यपुस्तक तय गरिन्छ । पाठ्यक्रमबाट शिक्षकले विद्यार्थीलाई कुन कक्षामा के सिकाउने आदि कुराको उत्तर दिन्छ भने पाठ्यक्रमले तोकेका के-के र कति सिकाउने भन्ने विषयको विस्तृत सङ्कलन तथा प्रस्तुति पाठ्यपुस्तकमा गरिएको हुन्छ । यसरी यी दुईका बीचमा तालमेल नभएमा शिक्षण क्रियाकलापको गुणस्तरमा नकारात्मक प्रभाव पर्छ । ( ढुगेल र दहाल, २०५७: ६१)

भाषाको पाठ्यक्रमले विभिन्न कक्षामा भाषाका सीपहरू के कति सिकाउने ? किन सिकाउने ?, कसरी सिकाउने ? कुन क्रममा सिकाउने? आदि कुराहरू स्पष्ट पार्छ भने पाठ्यपुस्तकले पाठ्यक्रमको उद्देश्यपूर्ति गर्न के कस्ता विषयवस्तु वा विधालाई आधार बनाएर ती भाषिक सीपको विकास गराउन सकिन्छ, त्यस्ता विषयवस्तुलाई उपयोग गरेर विभिन्न विधाका पाठहरू प्रस्तुत गरिएको हुन्छ । पाठ्यक्रम सैद्धान्तिक सामग्री हो भने पाठ्यपुस्तक प्रयोगात्मक सन्दर्भ सामग्री हो । स्रोत सामग्रीको उल्लेख पाठ्यक्रममा गरिएको हुन्छ भने स्रोत सामग्रीलाई प्रस्तुत गर्ने कार्य पाठ्यपुस्तकमा हुन्छ । पाठ्यक्रमद्वारा निर्धारित लक्ष्यपूर्तिका लागि पाठ्यपुस्तक स्पष्ट एवं सन्तुलित हुनुपर्छ । पाठ्यक्रमले तोकेको विधाको क्षेत्र र क्रम अथवा विषयवस्तुको को सीमाभित्र बसेर पाठ्यपुस्तक लेखिएको हुन्छ । पाठ्यपुस्तकमा रहेका विषयहरू पाठ्यक्रमले निर्देश गरेअनुसार प्रस्तुत भएका हुन्छन् । यस्तो हुनु नै पाठ्यक्रम र पाठ्यपुस्तक बीच सम्बन्ध हुनु हो । पाठ्यक्रम विना पाठ्यपुस्तकको महत्त्व हुदैंन र पाठ्यपुस्तक नभएसम्म पाठ्यक्रमको उद्देश्य पूरा हुन सक्दैन ।

पाठ्यपुस्तकलाई पाठ्यक्रमको आधारमा तयार पार्ने तथा पाठ्यक्रम अनुसार सुहाउदो परिमार्जन र सुधार गरी उपयोगी र आकर्षक बनाउन यी दुईका बीचमा अटुट सम्बन्ध रहेको कुरालाई नकार्न सकिन्न ।

## ३.२ पाठ्यक्रमको उद्देश्य

पाठ्यक्रमको महत्त्वपूर्ण अङ्गको रूपमा उद्देश्यलाई लिइन्छ । उदेश्य भन्नाले कुनै पनि कार्य के–कति र कसरी गर्ने भन्ने कुराको सोच हो । कुनै पनि कक्षामा हचुवाको भरमा शिक्षण सिकाइ गरेर पाठ्यक्रमको उद्देश्यपूर्ति गर्न सकिदैन । तसर्थ कुन कक्षामा के–कसरी कति सिकाउने भनेर पाठ्यक्रमको उद्देश्य निर्माण गरिन्छ । उद्देश्य अनुसार पाठ्यक्रम तयार गरिन्छ र तिनै उद्देश्यलाई हासिल गर्नका लागि पाठ्यक्रम तयार गरिन्छ । विषयवस्तु छनौट र स्तरण गर्दा सही तरिकाले गरिएन भने जतिसुकै राम्रो पाठ्यक्रम भएतापनि त्यसका उद्देश्यहरू पूरा हुन सक्दैनन् । त्यसैले पाठ्यपुस्तकको निर्माणमा विषयवस्तुको रखाइक्रम सही तरिकाले गर्नुपर्छ ।

नेपाली भाषाको प्रचलित पाठ्यक्रममा उद्देश्यलाई तहगत र कक्षागत रूपमा प्रस्तुत गरिएको छ । तहगत उद्देश्य भन्नाले कुनै खास तहमा सम्बन्धित विषयमा के–कति दक्षता हासिल गर्नुपर्छ भन्ने कुरा जनाउँछ र कक्षागत उद्देश्यले उक्त कक्षामा सम्बन्धित विषयमा के–कति सिकेको हुनुपर्छ भन्ने जनाउँछ (शर्मा +अधिकारी २०५६:२१) ।

नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरूमध्ये तहगत उद्देश्यलाई एकै ठाउँमा दिएको छ भने कक्षागत उद्धेश्यलाई सुनाइ र बोलाइलाई एक ठाउँमा, पढाइलाई एक ठाउँमा र लेखाइलाई एक ठाउँमा गरी अलग–अलगरूपमा दिइएको छ । यसबाट के कुराको स्पष्ट हुन्छ भने भाषा पाठ्यक्रमको उद्देश्य कुनै एक सीपमा मात्र दक्ष बनाउनु नभएर भाषाका चारै सीपमा दक्ष बनाउनु रहेको छ ।

कक्षा सात को लागि तोकिएको उद्देश्यहरूको बारेमा चर्चा गर्दा सुनाइ र बोलाइ सीप विकासका लागि नौ वटा उद्देश्यहरू रहेका छन् । लेखाइ सीप विकासका लागि दश वटा उद्देश्यहरू राखिएको छ भने पढाइ सीप विकास लागि जम्मा आठ वटा उद्देश्यहरू मात्र राखिएको छ । यी उद्देश्यहरू विविध विधाका लागि तयार गरिएकाले यहाँ कक्षा सात को "हाम्रो नेपाली" किताबमा राखिएका कथा विधाको लागि निर्धारित उद्देश्यहरूलाई केलाइएको छ । अन्य विविध विधाहरूबाट पनि भाषाको चार सीप विकास हुने भए तापनि ती विधाहरू मध्ये कथा विधा निकै उपयोगी मानिन्छ । कथा भन्न र सुन्न सबै खुशी हुन्छन् । कथा पढेर सिर्जना

क्षमताको विकास हुन्छ । अन्य विधाभन्दा कथा पढेर लामो समयसम्म स्मरणमा राख्न सकिन्छ । कथाबाट भाषाका चारै सीपको विकास प्रभावकारी रूपमा गर्न सकिने भएकोले पाठ्यक्रमले निर्धारण गरेका कथासँग सम्बन्धित उद्देश्यहरू निम्न प्रकार छन् ।

## क. सुनाइ र बोलाइ

१) ध्वनिहरूको भिन्नता पहिल्याई उच्चारण गर्न ।

२) शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न ।

३) अरुले वर्णन गरेका कुराहरू बुझी आफ्नो शब्दमा व्यक्त गर्न ।

४) आफूले देखे, सुनेका र पढेका वस्तु वातावरण तथा घटनाका विषयमा शिलशिला मिलाई मौखिक वर्णन गर्न ।

५) सामान्य मौखिक वर्णनहरू सुनी मुख्य मुख्य कुरा बताउन ।

## ख. पढाइ

१) लिखित सामग्रीलाई गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न ।

२) विभिन्न पाठहरू पढी तिनका मुख्य मुख्य कुराहरू बताउन ।

३) कविता, कथा आदिका पाठहरूलाई भाव अनुसार लय, सुर र आघात मिलाई . पढ्न ।

४) लिखित सामग्रीहरूको मौनवाचन गर्न ।

५) विभिन्न प्रयोजनका लागि कथा, कविता, प्रबन्ध आदिका पाठहरू पढ्न ।

६) पठित शब्दहरूको उपयुक्त प्रयोग गर्न ।

७) पाठमा प्रयुक्त उखानटुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न ।

८) विभिन्न विधाका पाठहरूबाट शब्दभण्डारको बृद्धि गर्न ।

## ग. लेखाइ

१) हिज्जे र वाक्यगठन मिलाई सफा र शुद्धसँग लेख्न ।

२) लेख्य चिन्हहरूको उपयुक्त प्रयोग गरी लेख्न ।

३) सफा र स्पष्टसँग लेख्न र लेखेका कुरा दोहोऱ्याई सच्याउन ।

४) शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न ।

५) आफूले देखेसुनेका र पढेका वस्तु वातावरण तथा घटनाका विषयमा लिखित वर्णन गर्न ।

६) सुनेका र देखेका विषयवस्तुको सार लेख्न ।

७) पाठका विशिष्ट अंशहरूको भाव विस्तार गर्न ।

८) व्याकरणका आधारभूत तत्त्वहरू बुझी तिनको उपयुक्त प्रयोग गर्न ।

(स्रोत नि.मा.वि.नेपाली पाठ्यक्रम २०६४)

यसरी माथि निर्धारित उद्देश्यहरू कथासँग सम्बन्धित भएपनि प्रत्यक्षरूपमा कथासँग सम्बन्धित उद्देश्यहरू निम्न छन् ।

## घ. सुनाइ र बोलाइ

१) अरुले वर्णन गरेका कुरा बुझी आफ्ना शब्दमा व्यक्त गर्न ।

२) आफूले देखे, सुनेका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न ।

## ङ. पढाइ

१) उखानटुक्काको अर्थ बुझी उपयुक्त ढंगले प्रयोग गर्न ।

## च. लेखाइ

१) आफूले देखे, सुनेका र पढेका वस्तु वातावरण तथा विषयमा लिखित वर्णन गर्न ।

कथा विधालाई सार्थक बनाउन उखानटुक्काको बढी प्रयोग गर्नु आवश्यक देखिन्छ तर पाठ्यपुस्तकमा मनोरञ्जनात्मक उखानटुक्काको प्रयोग गरिएका कथाहरू कमै समावेश गरिएका छन् । प्रसस्त उखानटुक्काको प्रयोग भएको कथा लामो समयसम्म स्मरण गर्न सकिने हुन्छ । पाठ्यक्रमले उखानटुक्काको अर्थ बुझी उपयुक्त ढङ्गले प्रयोग गर्न विद्यार्थी सक्षम हुने उद्देश्य लिएपनि पाठ्यपुस्तकमा रहेका पाठहरूमा ती कुराहरूको समावेश नहुँदा पाठ्यक्रम अनुरूपता खलबलिएको छ ।

## ३.३ विधाको क्षेत्र र क्रम

क्षेत्र भन्नाले विधाले ओगटेको स्थान अथवा विधामा समावेश गरिने पाठहरू कुन–कुन स्रोत वा विषयसँग सम्बन्धित भन्ने बुझिन्छ । कथा विधाको क्षेत्र निर्धारण गर्दा एकै किसिमका कथाहरू पाठ्यपुस्तकमा राखियो भने पाठ्यक्रमको उद्देश्यपूर्ति हुन सक्दैन । त्यसैले विविध क्षेत्रबाट विषयवस्तुहरू सङ्कलन गर्नुपर्छ यो नै असल पाठ्यक्रमको विशेषता मानिन्छ । पाठ्यपुस्तक निर्माण गरेर मात्र हुँदैन पाठ्यक्रमले निर्देश गरेका पाठहरूलाई क्रमानुसार राखेको छ, छैन? त्यसलाई विशेष ध्यान दिनु पर्छ । पाठ्यपुस्तकमा पाठहरू समावेश गर्दा सरलबाट जटिलताको क्रममा हुनुपर्छ । कक्षा–७ को हाम्रो नेपाली किताबमा समावेश गरिएका कथाहरू विविध क्षेत्रबाट लिए पनि पाठ्यक्रमानुसार समावेश गरिएको छैन । क्रमिकतालाई ध्यान दिंदा पनि कथाहरू क्रमबद्ध तरिकाले स्तरण गरिएको छैन ।

पाठ्यक्रम पहिलो संस्करण २०५८ ले लोककथा, नीतिकथा, पौराणिक तथा ऐसतिहासिक कथा र आधुनिक कथा गरी पाँच प्रकारको कथा राख्ने निर्देशन दिएको पाइन्छ । त्यसैगरी नि.मा.वि. पाठ्यक्रम दोस्रो संस्करण २०६४ ले पनि २०५८ कै अनुरूप प्रकारका कथाहरू राख्ने निर्देश दिएको पाइन्छ । तर पाठ्यपुस्तकमा भने पौराणिक कथा, लोककथा, नीतिकथा, सामाजिक कथा

र आधुनिक कथा गरी पाँच प्रकारका कथाहरू समावेश गरिएको छ । इतिहास प्रदत्त विषयवस्तु जसले विद्यार्थीमा ऐतिहासिक कुराहरूको जानकारी गराउँदै ऐतिहासिक गौरवप्रति सम्मान जनाउन उत्प्रेरणा थप्दछ त्यस्तो विषयवस्तु समावेश नगरिनाले पाठ्यपुस्तक र पाठ्यक्रमबीच त तालमेल देखिदैन नै त्यसमा पनि विद्यार्थीले जान्नै पर्ने ऐतिहासिक कुराहरूबाट बञ्चित हुने गरेको पाइन्छ । त्यसैगरी पाठ्यक्रम २०५८ र दोस्रो संस्करणमा पनि उल्लेख नभएको सामाजिक कथा हाम्रो नेपाली किताबमा समावेश गरिएको छ । पाठ्यक्रमले निर्देशित नगरेको सामाजिक विषयवस्तु भएको कथा समावेश गरिनाले पाठ्यक्रम अनुरूपता खलबलिएको देखिन्छ । सामाजिक र ऐतिहासिक कथाहरू मिलाएर राख्न सक्ने पाठ्यक्रम भए उपयुक्त हुने कुरा प्रष्ट छ ।

क्रमिकतालाई ध्यान दिंदा पाठ्यक्रमले निर्देश गरे अनुसार क्रम नमिलेको देखिन्छ । पाठ्यक्रमले लोककथा, नीतिकथा, पौराणिक कथा, ऐतिहासिक कथा र आधुनिक कथालाई राख्ने क्रम निर्धारण गरेको पाइन्छ भने पाठ्यपुस्तकमा पौराणिक कथा, लोककथा, नीति कथा, सामाजिक कथा र आधुनिक कथालाई राखेको छ । यसरी पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकको कथाको रखाइ क्रम मिलेको देखिदैन । तसर्थ पाठ्यक्रम अमिल्दो छ ।

**(स्रोत नि.मा.पाठ्यक्रम २०५८ र दोस्रो संस्करण २०६४)**

## ३.४. छनौट र स्तरण

पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण गर्दा  र स्तरण दुवैको आवश्यक पर्छ । छनौट भनेको सम्बन्धित क्षेत्र वा सन्दर्भका पाठ्यवस्तु तथा पाठ्यसामग्रीहरू विभिन्न स्रोतहरूबाट वा विज्ञहरूको अर्न्तदृष्टिबाट सङ्कलन गरिनु, चुनिनु तथा तिनको सामान्य सूची बनाइनु  हो । स्तरण भनेको छनौट गरिएका पाठ्यवस्तुहरूलाई मनोवैज्ञानिक तथा शैक्षणिक आधारमा क्रमिक रूपमा उकास्दै लैजानु वा उन्नयन गर्नु हो । छनौटले खास तहका लागि आवश्यक पाठ्यवस्तु के कति छन्, त्यसको सीमाङ्कन गर्ने काम गर्छ । कसैले कुनै कुरा सिकेको छ भने त्यसलाई त्यही कुरा उस्तै रूपमा फेरि फेरि सिकाउनु पनि समय र श्रमकै बरबादी मान्न सकिन्छ ।

व्यक्तिले कुनै कुरा यति सिके काम चल्छ भन्ने छ भने उसलाई त्यस विषयको महाभारत सिकाउनु पनि आवश्यक हुँदैन, (अधिकारी २०५९ :६८) ।

पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्दा कुन कुन क्षेत्रका विषयवस्तु राख्ने भन्ने कुरामा छनौटको आवश्यकता पर्नु स्वभाविकै हो । छनौटले यी/यी क्षेत्रका यति/यति विषयवस्तु भनेर सीमाङ्कन गर्ने काम गर्छ । पाठ्यवस्तुको छनौट गर्दा प्रयोजन,उद्देश्य, तह, समयावधि आदिको प्रशस्त ख्याल गर्नुपर्ने हुन्छ (अधिकारी २०५९:६८) । विद्यार्थीहरूको भाषाशिक्षणलाई व्यवस्थित, प्रभावकारी र सरल बनाउनका लागि खास किसिमको छनौट गरिन्छ । भाषाका विभिन्न उद्देश्यहरू भएर पनि उपयुक्त भाषिक उद्देश्य छनौट गर्ने प्रक्रिया अपनाइएमा निश्चित आधार तयार गर्न अफ्ठ्यारो पर्दैन । पाठ्यसामग्रीको छनौटमा निश्चित आधार तयार गरेर छनौट गरिएमा अझ बढी वास्ताविकतातर्फ लम्कन सकिन्छ । यस्ता आधारहरू मुख्य गरी शब्दभण्डारको छनौटमा उपयोग गरिएका हुन्छन् । ती आधारहरू आवृत्ति,

विस्तारण, प्रर्याप्तता र व्यापन हुन् (अधिकारी २०५९: ७०–७३) । भाषा पाठ्यपुस्तकमा पाठ्यवस्तुको छनौट गर्दा बाह्य प्रवाहकहरूलाई मात्र ख्याल नगरी आन्तरिक तत्त्वहरूलाई पनि महत्त्वपूर्ण ठान्नुपर्छ । ती हुन्– भाषिका, रजिष्टर, शैली, माध्यम र भाषातत्त्वहरू ।

स्तरणलाई क्रम निर्धारण पनि भनिन्छ । पाठ्यक्रमको उद्देश्यलाई पूरा गर्ने गरी स्तर अनुसार पाठ्यवस्तुलाई क्रमबद्धरूपमा राख्नुपर्छ । छनौट भएका पाठ्यवस्तुलाई व्यवस्थित अनुक्रममा संगठित गर्नु नै स्तरण भएकाले शिक्षणसँग यसको निकट सम्बन्ध रहेको हुन्छ । छनौट भएका पाठ्यवस्तुलाई अव्यवस्थित तरिकाले सिकाउँदा उद्देश्य पूरा नहुने मात्र होइन एउटै कुराको बेला–बेलामा अनावश्यक पुनरावृत्ति हुन सक्ने हुन्छ, जसले गर्दा शिक्षण सिकाइको गति कम हुने गर्छ ।(अधिकारी २०५९:८७)

सिकाइ क्रमसँग विस्तार भएर जाने हुनाले सिक्ने पाठ्यवस्तुलाई एकपछि अर्को हुँदै जाने श्रृङ्खलाबद्धरूपमा राखिनु पर्छ । पाठ्यवस्तुको छनौट र स्तरणमा कमजोरी भएको खण्डमा शिक्षण सिकाइ अन्योलपूर्ण र कुण्ठित बन्छ जसले गर्दा पाठ्यक्रमको उद्देश्यहरू पूरा हुन सक्दैनन् ।

हाम्रो देशमा सीमित स्रोत र साधनका बीचमा रहेर पनि शिक्षा हासिल गर्नुपर्ने बाध्यता छ । थोरै साधन र स्रोतमा रहेर शिक्षा दिनका लागि तयार गरिएका भाषाका पाठ्यपुस्तकहरू कक्षाका विद्यार्थीहरूलाई ख्याल गरेर छनौट गरिएको हुनुपर्छ ।

छनौट गरिएका कथालाई मनोवैज्ञानिक तरिकाले उन्नयन गर्दै लैजाने काम स्तरण हो । स्तरण गर्दा कस्तो प्रकारको कथालाई शुरुमा राख्दा विद्यार्थीहरूले बुझ्न सक्छन् भन्ने कुरालाई विचार गर्नुपर्ने हुन्छ । बेद, पुराण, रामायण,महाभारत तथा बुद्ध सम्बन्धी कथाहरू पौराणिक कथा अर्न्तगत पर्दछन् । यस पाठ्यपुस्तकमा समाविष्ट वाल्मीकि कथा पौराणिक हो । यस कथाले बालबालिकामा विद्वान व्यक्तित्वहरूबाट जस्तै कुख्यात अपराधी मानसिकता बोकेको मानिसलाई पनि सकारात्मक बाटोमा लगाउन सक्ने सीप हुन्छ भन्ने तथ्यलाई प्रष्ट पारेको छ । वाल्मीकी कथा, पाठ्यपुस्तकमा स्तरण गरिएको उपयुक्त छ । लोककथाले लोकमा चल्दै आएका कुरालाई अगाडि बढाउने हुँदा विद्यार्थीको स्तर अनुरूप राखिएको

“खरानीको डोरी” कथा उपयुक्त देखिन्छ । नीतिकथा “मानिसलाई कति जमिन चाहिन्छ ?” अलिक लामो देखिन्छ । यस कथाले मानिस ज्यादै लोभी हुनु हुँदैन भन्ने नैतिक सन्देश दिएको छ । तर यो भन्दा पनि बढी नैतिक छाप दिन सक्ने कथा स्तरण गरिएको भए यस तहका विद्यार्थीलाई अझै राम्रो हुन्थ्यो । विविध नीति–नियमको जानकारी हासिल गराउने खालको र त्यसै अनुरूप व्यवहार गर्न सिकाउने कथाहरू नीतिकथाको रूपमा छनौट गर्नु उपयुक्त हुन्छ । ऐतिहासिक कथाबाट विद्यार्थीहरूले राष्ट्रिय स्वभिमान, गौरव र वीरताले भरिएका ऐतिहासिक महापुरुषका पराक्रम सम्बन्धी कुराहरू बुझ्न सक्ने भएपनि पाठ्यपुस्तकमा यस खालको कथाहरू समावेश गरेको पाइन्न ।

सामाजिक कथाको बारेमा पाठ्यक्रम मौन रहेपनि दुई वटा सामाजिक कथाहरू यस पुस्तकमा समावेश गरिएको छ । सामाजिक कथामा पनि बढी बालमनोवैज्ञानिक कथालाई महत्त्व दिनुपर्ने भनिएको भएपनि “कदर्य” र “बुहारीको खोजी” कथाहरू नितान्त सामाजिक यथार्थतालाई प्रतिनिधित्व गर्ने खालका कथा मात्र हुन् । माथिका अन्य कथाहरूको अध्ययनपछि समाजको चित्रण गरिएको तथा बालकको मनोकुण्ठालाई अभिव्यक्त गरिएको कथा विद्यार्थीले बुझ्न सक्ने

हुनाले अन्त्यमा आधुनिक कथालाई समावेश गर्ने निर्देश गरे अनुसार नै "मास्टरकी आमा" नाम गरेको कथा यस पुस्तकमा समावेश गरिएको छ । यो कथा छोटो हुनका साथै सरल र कुण्ठित बालमनोवैज्ञानिक कथाको प्रतिनिधित्व गर्ने कथा भएकोले यो कथाको छनौट र स्तरण उपयुक्त ढङ्गले गरिएको छ भन्न सकिन्छ । कथाका पाठहरू राख्दा पनि कतै थोरै पाठको अन्तरमा राखिएको छ भने कतै बढी अन्तरमा राखिएको छ । जम्मा २३ वटा पाठहरूमध्ये दोस्रो पाठमा, आठौं पाठमा, तेह्रौं पाठमा, सोह्रौं पाठमा, उन्नाइसौं पाठमा र एक्काइसौं पाठमा कथाका पाठहरू समावेश गरिएको छ । कथाको पाठलाई निश्चित अन्तरमा मिलाएर राख्न सके उपयुक्त हुने देखिन्छ ।

## ३.५ अङ्क विभाजन, समय विभाजन र पाठसङ्ख्या

कुनै पनि भाषा पाठ्यक्रममा विविध विधाहरू समावेश गरिएका हुन्छन् । जसमध्ये कुन विधालाई कति समय दिने, कूल अङ्कको कति प्रतिशत अङ्क विधागत रूपमा दिने भन्ने कुरा उल्लेख हुनुपर्छ । सबै विधाका पाठ जटिलताका दृष्टिले एकै नभएकाले कुनै बढी जटिल र

कुनै कम हुने भएकाले कुन विधालाई कति समय लगाएर पढाउने भन्ने कुराको जानकारी हुन आवश्यक छ । यसो भएन भने जटिल विधाले कम समय पाउने हुँदा गहनरूपमा अध्ययन अध्यापन नभई सतहीरूपमा हुने र पाठ्यक्रमका उद्देश्यपूर्ति नहुने हुन्छ, तसर्थ विषयगत गहनताको आधारमा सबै विधाको समय र अङ्क विभाजनको आवश्यकता खट्किन्छ । पाठ्यक्रममा कुन कुन विधाका पाठहरूलाई कति वटा सम्म राख्ने भन्ने कुराको पनि उल्लेख पाइन्छ । भाषिक सीप विकासमा विधागत महत्त्वका आधारमा समय र अङ्क विभाजनलाई प्राथकिताको क्रममा राखिनुपर्छ ।

पाठसंख्या वितरणको क्रममा नि.मा.पाठ्यक्रम पहिलो संस्करण २०५८ र दोस्रो संस्करण २०६४ ले ५ देखि ६ वटा सम्म कथाहरू राख्ने भनी निर्देशन गरे अनुसार नै यस कक्षाको नेपाली पुस्तकमा जम्मा ६ वटा कथाहरू राखिएको छ । यी दुवै पाठ्यक्रमहरूले कक्षा सात को नेपाली पुस्तकमा २२ देखि २४ वटा पाठहरू समावेश गर्न निर्देश गरेको छ । पाठ्यक्रमको यही निर्देशन

अनुसार  यस पुस्तकमा जम्मा २३ वटा पाठहरू समावेश गरिएको देखिन्छ जुन पाठ्यक्रम अनुरूपताको आधारमा उपयुक्त देखिन्छ ।

पठनपाठन हुने ७०० पूर्णाङ्क्मध्ये १०० पूर्णाङ्क नेपालीलाई दिइएको छ । यही पूर्णाङ्कलाई आधार मानेर सम्पूर्ण स्थानमा पठनपाठन भइरहेको पाइन्छ । नेपालीलाई प्रतिहप्ता पाठ्यभार ५ घण्टी दिइएको छ भने वार्षिक पाठ्यभार १५० घण्टी दिइएको छ । विधागत रूपमा गरिएको समय विभाजनलाई अवलोकन गर्दा कथा विधालाई २० घण्टी समय दिइएको छ । ६ वटा कथालाई २० घण्टी समय विभाजन गर्दा एउटा कथालाई ३.३३ घण्टी समय प्राप्त हुन्छ । सबै कथा संरचनाको हिसाबले उस्तै नहुने हुनाले संरचना, सरलता, जटिलता र लम्बाइको आधारमा कथालाई समय विभाजन गरिनु पर्ने हो तर त्यसो नभएर समयको बारेमा पाठ्यक्रम मौन रहेको देखिन्छ ।

प्रत्येक कथाको अङ्कभार समयभार अलग अलग रूपमा नछुट्याइ अध्येता मात्र नभई शिक्षक पनि अन्यौलमा पर्ने आभाष हुन्छ । कुन कथालाई बढी जोड दिने र कुन कथालाई कम जोड दिने भन्ने कुरालाई समय र अङ्क विभाजनले देखाइ दिनछन् । यी कुरा प्रष्ट नहुँदा बढी ध्यान दिनुपर्ने विषयमा बढी नभई सतहीरूपमा मात्र तैरने हुन्छ भने कम जोड दिनुपर्ने पाठमा बढी ध्यान जाने सम्भावना हुन्छ । यस्तो हुनबाट  जोगाई विद्यार्थी, शिक्षक दुवैलाई समयको सदुपयोग गरी चाहिने कुरामा बढी  जोड दिन र नचाहिने कुरामा कम जोड दिन समय र अङ्क विभाजनको आवश्यकता पर्छ ।

पाठ्यक्रमले निर्देश गरेको भन्दा बढी पाठसंङ्ख्या पाठ्यपुस्तकमा समावेश गर्नाले विद्यार्थीमा अतिरिक्त ज्ञानको विकास नभई उल्टो मानसिक बोझ थुप्रने हुन्छ तसर्थ उनीहरूको स्तर र क्षमतालाई मध्यनजर गरी पाठसंङ्ख्या राख्न उपयुक्त मानिन्छ ।

## ३.६. सारांश

भाषा शिक्षण सिकाइका क्रममा पाठ्यक्रम तथा पाठ्यपुस्तकको अति आवश्यक हुन्छ । पाठ्यक्रमको आधारमा पाठ्यपुस्तकको निर्माण हुन्छ । पाठ्यक्रम सैद्धान्तिक सामग्रीको हो भने

पाठ्यपुस्तक प्रयोगात्मक सन्दर्भसामग्री हो । स्रोत सामग्रीको उल्लेख पाठ्यक्रममा गरिएको हुन्छ भने स्रोत सामग्रीलाई प्रस्तुत गर्ने कार्य पाठ्यपुस्तकमा हुन्छ । पाठ्यक्रमद्वारा निर्धारित लक्ष्यपूर्तिका लागि पाठ्यपुस्तक स्पष्ट एवं सन्तुलित हुनुपर्छ । पाठ्यपुस्तकमा रहेका विषयहरू पाठ्यक्रमले निर्देश गरे अनुसार प्रस्तुत भएका हुन्छन् । यसबाट नै पाठ्यक्रम र पाठ्यपुस्तक बीचको सम्बन्धलाई बुझिन्छ । पाठ्यपुस्तकलाई पाठ्यक्रमको आधारमा तयार पार्ने तथा पाठ्यक्रम अनुसार सुहाउँदो परिमार्जन र सुधार गरी उपयोगी र आकर्षक बनाउन यी दुईका बीचमा अटुट सम्बन्ध रहेको बुझिन्छ । पाठ्यक्रमको उद्देश्यलाई तहगत र कक्षागत रूपमा प्रस्तुत गरिएको छ । तहगत उद्देश्य भन्नाले कुनै खास तहमा सम्बन्धित विषयमा के–कति दक्षता हासिल गर्नुपर्छ भन्ने कुरा जनाउँछ । कक्षा सातको हाम्रो नेपाली किताबमा समाविष्ट कथाका पाठहरूलाई पाठ्यक्रम अनुरूपताको आधारमा विश्लेषण गर्दा कथाको क्षेत्र ,क्रम, छनौट र स्तरण नमिलेको देखिन्छ । पाठ्यक्रममा कथालाई लोककथा,नीतिकथा, पौराणिक/ऐतिहासिक कथा र आधुनिक कथा गरी जम्मा पाँच क्षेत्रबाट लिने निर्देश गरेको पाइन्छ । पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्देश गरे भन्दा बाहिर सामाजिक कथाहरू पनि राखिएका छन् । नीतिकथा, बालाबालिकालाई नीति नियम अनुरूप व्यवहार गराउने उद्देश्यले राखिएको हुनुपर्ने हो तर त्यसो नभएर नाम मात्रको नीतिकथा राखिएको छ । आधुनिक कथा कुण्ठित बालमनोविज्ञानमा आधारित हुनुपर्ने भनी पाठ्यक्रमले निर्देश गरे अनुरूपकै पाइएको छ । पौराणिक र लोककथा पाठ्यक्रमले निर्देश गरे अनुसार कै रहेका छन् । तर सामाजिक कथा विद्यार्थीमा कुन व्यवहार निर्माण गर्ने उद्देश्यले राखिएको हो त्यसको बारेमा पाठ्यक्रम मौन रहेको पाइन्छ । पाठ्यक्रममा लोककथा, नीतिकथा, पौराणिक/ ऐतिहासिक कथा र आधुनिक कथा भनी क्रम तोकेको भएपनि पाठ्यपुस्तकमा पौराणिक कथा, लोककथा, नीतिकथा, सामाजिक कथा र आधुनिक कथा गरी राखिएकोले पाठ्यक्रम अनुरूपता खलबलिएको देखिन्छ । पाठ्यपुस्तकमा कथा रखाइको अन्तराल मिलेको पाइदैन तर पाठ्यक्रममा ५ देखि ६ वटा सम्म कथाहरू राख्ने निर्देशन दिए अनुरूप नै कथाहरू राखिएका छन् । यसरी समग्रतामा हेर्दा पाठ्यक्रम र पाठ्यपुस्तक बीच राम्रो तालमेल नमिलेको देखिन्छ ।

## परिच्छेद -चार

# कथाको संरचनाको आधारमा विश्लेषण

## ४.१ वाल्मीकि

यस कथाको आदि भागमा रत्नाकर नाम गरेको बालक विना कारण डाँकाद्वारा अपहरण  भएको कुरा जानकारी गराइएको छ । ती पाषण हृदय भएका डाँकाहरूको अगाडि आमाबाबुको अलाप विलाप केही नलागेको कुरा अवगत गराइएको छ ।

सानै भएकोले असलखराब छुट्याउन नसकी रत्नाकर पनि कुख्यात डाँका बन्छ । उसको नाम र कामले सारा मानिसहरू त्रसित हुन्छन् । डाँकाको परिवारमा हुर्किएकोले उसमा त्यस्तो स्वभाव देखिनु स्वाभाविकै पनि थियो । एकदिन देवर्षी नारदजीलाई रत्नाकरले धम्क्याउँदै सारा सम्पत्ति माग्यो र नदिएको खण्डमा ज्यान मार्ने सम्म कुरा गऱ्यो । नारदजीले आफू जोगी भएको र केही नभएको ज्यान मार्ने भए मार भनी जवाफ दिएपछि ऊ पनि मार्न तयार भएको थियो । नारदजीले दया लागेर सम्झाउँदै कतै असल मानिस बन्छ कि भनेर सम्झाए तर रत्नाकरले कुनै कुरा नसम्झी लुट्ने र मार्ने प्रयत्न गरिरह्यो ।

कथाको मध्य भागमा नारदजीले मार्ने भए मार तर एक दुई कुरा म तिमीसित गर्न चाहन्छु भनेपछि उसले छिटो सोध्न अनुमति दियो । उसले पापकर्म गरी कमाएको सम्पत्ति उसका सबै परिवारले उपभोग गर्दछन् तर पापकर्मको फल भोग्न तयार छन् छैनन् ? त्यो कुरा परिवारलाई सोधेर आऊ बरु मलाई त्यतिन्जेल सम्मका लागि रुखमा बाँधिराख भनेपछि ऋषिले भने बमोजिम गरी घरतिर लाग्यो । परिवारमा सबैलाई सोध्यो तर जे जसरी भरणपोषण गर्ने काम उसको भएको र पाप पुण्य जे गरी आर्जेको भएपनि त्यसको फल ऊ आफैले भोग्नुपर्ने भन्ने परिवारको जवाफबाट त्रसित भई आएर नारदजीको पाउ समाई उनीप्रति गरेको दुर्व्यहारप्रति क्षमा माग्दै पाप कर्मबाट मुक्त हुने बाटो देखाई माग्छ ।

नारदजीले पनि कुनै अर्थ नलाग्ने "मरा" शब्द मन्त्र स्वरूप जप्न दिन्छन् । यही मन्त्र जप्दा जप्दै उसको पुरै शरीरमा धमिराले गोलो बनाएको हुन्छ । एकदिन नारादजी त्यही बाटोबाट जाँदै गर्दा ढिस्को भित्रबाट "राम" "राम" भन्ने आवाज सुन्छन् । पक्कै यो त्यही रत्नाकर हुनुमपर्छ भनी रत्नाकरलाई बोलाउँछन् । ब्रम्हाणपुत्र भएको र धमिराले गोलो लगाएकोले उसलाई बाल्मीकि

भनेर नामकरण गरिदिन्छन् । त्यसपछि तसमा नदीको किनारामा आश्राम बनाई बस्ने आदेश दिन्छन् । यो कथा कौतुहलतामा नै समाप्त भएको छ । कथाको अन्त्य भागले नै शीर्षकको अस्तित्त्वलाई छोएको छ ।

समग्रमा शैक्षणिक दृष्टिले कथा उपयुक्त देखिन्छ । कौतुहलताकै बीचबाट विद्यार्थीहरू माझमा ऋषिमुनि वा विद्वान व्यक्तित्वहरूबाट कुकर्ममा लागेकाहरूलाई पनि सुधार्न सक्ने क्षमता हुन्छ भन्ने दृष्टान्त दिन सकेको छ । यो कथा रूचिपूर्ण हुनका साथै विद्यार्थीको रूचि स्तर,उमेर र क्षमतालाई पूर्णरूपमा ध्यान दिई छनौट गरेका देखिन्छ ।

## ४.२ खरानीको डोरी

यस कथाको आदि भागमा कथाको पात्रहरूको परिचय उनीहरूको पेशा र त्यस देशको बूढाबूढीको प्रति कानूनी मान्यताको बारेमा जानकारी गराइएको छ । यस कथाको प्रमुख पात्र आङदावा शेर्पा बूढो भई काम गर्न नसक्ने भएपछि राज्यको चलन अनुसार ठूलो जंगलमा लगेर केही दिनको लागि  खाना र पानीको व्यवस्था मिलाई लैजाने मानिस फर्कन्थ्यो । त्यस्ता बूढाबूढी खाना खान नपाई भोकै तिर्खै मर्दथे । आङदावाको छोरा आङफुर्वाले राज्यको कानून पालनाको लागि आफ्नो बाबु आङदावालाई जंगलमा छोड्न लग्यो । छाप्रो, सामलतुमल र पानीको खोपिल्टो आदिको व्यवस्था गरी घर फर्कियो । तर बाबुको मायाले गर्दा बाबुले पनि छोराप्रति देखाएको अगाध प्रेमको कारण आङफुर्वाले बाबुलाई लुकाएर पाल्ने विचार गरी घर फर्काएर ल्याई लुकाएर पालेको कुरा यस भागमा रहेको छ । यस भागमा बाबुआमालाई सन्तानको माया असाध्यै हुन्छ । त्यसै गरी सन्तानले पनि बाबुआमाप्रति श्रद्धा र स्नेह पूर्वक पालन पोषण गर्नुपर्ने कुरा देखाएको छ ।

कथाको मध्य भागमा राजाले उनको देशको जनता कत्तिको जुक्तिवाल रहेछन् भनी जानकारी लिन खरानीको डोरी बाटेर  ल्याउनेलाई राज्यको खजनाबाट धनसम्पत्ति दिनुका साथै ऊसित राजकुमारीको विवाहसमेत गरिदिने घोषणा गरेको र त्यो सुनेपछि अविवाहित आङफुर्वालाई पनि राम्रो अवसर आएको ठान्नु स्वभाविकै थियो । आङदावाले छोरालाई उसको इच्छा अनुसार खरानीको डोरी बाट्न सिकायो । खरानीको डोरी आङफुर्वाले राजाकहाँ देखाउन लग्यो । राजा

खुशी त भए तर अर्को दुवैपट्टि गोलाइ बराबर भएको एउटा लट्ठीको फेद पत्ता लगाउनु पर्ने भयो । पत्ता लगाउन नसके ज्यानै जाने भयो । ज्यान जाने डरले निराश भएको आङफुर्वालाई बाबुले सजिलै समाधान गर्न सकिने समस्या हो भने पछि ढुक्क भयो । यसलाई समााधान गर्न आङदावाले लट्ठीलाई बीचमा डोरीले बाँधेर पोखरीमा डुवाउनु पर्ने पहिले डुवेको भाग फेद र पछि डुवेको भाग टुप्पो हुने कुरा बतायो । बाबुले भने बमोजिम राजा समक्ष आङदावाले प्रयोग गरेर देखायो । राजा खुशी भए तर त्यसपल्ट पनि धन सम्पत्ति दिएनन् । बरु उल्टै अर्को जटिल समस्या नबजाइकन बज्ने बाजा दखिला गर्नु पर्ने हुकुम राजाबाट भयो । एकपछि अर्को गर्दै आइरहेको जटिल समस्याले निराश भएको आङफुर्वालाई बाबुले सम्झायो । उसले छोरालाई सिमलको डुँडलाई गोहोराको पातलो छालाले दुवैतर्फबाट मोरेर त्यसमा मौरी पालन गर्ने र होसियार पूर्वक राजालाई हस्तान्तरण गर्ने उपाय बतायो । सोही बमोजिम आङफुर्वाले पनि मौरी पालन गरी राजालाई हस्तान्तरण गऱ्यो । त्यसरी सुम्पदा हल्लिएर डुँडभित्र मौरी भुनभुनायो । यसले मीठो संगीतको सुरिलो ध्वनि निस्कियो । तर राजालाई आङफुर्वाको बुद्धिवाट सम्पूर्ण कुरा सम्भव भएको हो होइन भन्ने कुराको वास्तविकता जान्न मन लाग्यो । यो भाग रोचक कौतुहलतापूर्ण रहेको छ । यही भागले कथाको शीर्षक सार्थकतालाई पनि प्रमाणित गरेको

छ ।

कथाको अन्तिम भागले कथालाई निष्कर्ष तिर डोऱ्याएको छ । यस भागमा राजाले जान्न चाहेको वास्तविकता भन्दा आफूले कडा सजाय पाउने डरले आङफुर्वा भन्न चाँहदैन तर राजाको अगाडि कस्को के लाग्छ र उसले आफूलाई आफ्नो बूढो बाबुले सहयोग गरेको तर राज्यको कानूनको बारेमा बताउँदै आफू र बाबुलाई कुनै सजाय नदिन अनुरोध गऱ्यो । राजा छक्क परे यस्तो कानून कस्को पालामा बनेको रहेछ । राजाले मन्त्रीलाई बोलाएर सोधे । मन्त्रीले पनि यस्तो पुरानो कानून देशमा रहेको कुरा हाजेर गऱ्यो । राजाले मन्त्रीलाई अब

आइन्दा अशक्त बूढाबूढीलाई घर निकाला नगर्नु उनीहरूको अनुभव पछिल्लो पुस्ताका लागि महत्त्वपूर्ण हुन्छ भनी आदेश दिए । आङफुर्वाको विवाह पनि पूर्व शर्त अनुसार नै भयो । उसलाई सम्मानका साथ दरवारमा भित्र्याइयो । यो भाग पनि अत्यन्तै रोचक र कौतुहलतापूर्ण नै छ । यो भागले कथालाई निष्कर्षमा टुङ्गाएको छ । यस कथाले बृद्ध व्यक्तिहरू समाजका गहना हुन् । उनीहरूको रखेदेख गर्नु हाम्रो कर्तव्य हो भन्ने सन्देश मात्र दिएको छैन बरु यो कथा

विद्यार्थीहरूको रूचि,स्तर,उमेर र क्षमता आदिलाई ध्यान दिएर छनौट गरिएको हो भन्दा अतिसयोक्ति नहोला ।

## ४.३. मानिसलाई कति जमिन चाहिन्छ ?

यस कथाको आदि भागमा रुसको कुनै गाउँमा बस्ने बहिनीलाई भेट्न शहरबाट दिदी आएकी र दुईजना बीच दिदीले शहरको र बहिनीले गाउँको राम्रा पक्षको बारेमा कुराकानी भएको कुराबाट कथा अघि बढेको छ । कथाको प्रमुख पात्र प्याखोभले दुईबीचको कुराकानी सुनेर प्रतिक्रिया स्वरूप गाउँमा बस्न पनि रमाइलो हुन्छ तर आफूसँग प्रशस्त जमिन नभएर पो अलिक गाह्रो भएको छ भन्ने  वाक्यबाट कथाले कथाको शीर्षकतर्फ अघि बढ्ने जमर्को गरेको छ । यस भागमा प्याखोभको छिमेकी एकजना जमिनदार महिला जसले जमिनको रेखदेख गर्न एकजना अवकाश प्राप्त सैनिकलाई राखेको र सैनिकले त्यस जमिनमा कसैको गाईवस्तु पस्दा जरिवाना गर्ने गरेको र धेरै पटक प्याखोभले पनि जरिवाना तिरेकोले दिकदार भएको, महिलाको जग्गा बेच्ने निर्णयले , प्याखोभले १० विघा जमिन किनेको, उसको बाली सुरक्षित भएपनि गाउँलेलाई दुःख दिन गाईवस्तु पसेको आरोप लगाएको र गाउँलेले पनि उसको आरोप जस्तै व्यवहार पनि गरेको प्रसङ्गबाट कथा अघि बढेको देखिन्छ ।

यसरी नै यही भागमा प्याखोभको घरमा भोल्गा पारिको गाउँबाट एकजना पाहुना आएको र उसले त्यहाँ एउटा मूलीको अधिनमा रही दश विघासम्म जमिन सित्तैमा  पाउने र उसले पचास विघामा गहुँखेती गरेको कुरा सुनाएपछि प्याखोभले पनि उत्साहित भएर त्यतै जाने विचार गरेको, त्यहाँ पनि उसलाई गहुँखेती गर्न जमिन अपुग भई टाढाको जमिनदारसँग जमिन भाडामा लिई खेती गरेको तर गहुँखेती गर्न एकवर्ष जमिन बाँझो राख्नु पर्ने भएकोले उसलाई जमिन अपुग भएको महशुस गर्दै अन्यत्रै जमिन किन्ने सोच बनाएको प्रसङ्गले यस भागलाई समस्यामूलक बनाएको छ ।

कथाको मध्य भागले कौतुहलतालाई अझै उकास्ने काम गरेको छ । यस भागमा प्याखोभले कसरी धेरै भन्दा धेरै जमिन प्राप्त गर्ने प्रयास गऱ्यो भन्ने प्रसङ्गलाई प्रष्ट पारेको छ । कथा यसरी अघि बढेको छ । एकदिन बास्किरको व्यापारी घोडा किन्ने निहुँमा प्याखोभको घरमा

आयो । उसले प्याखोभको समस्या बुझेपछि बास्किरवासीहरूको स्वभाव र उनीहरूलाई दिइने उपहारहरूका बारेमा बतायो । एक रुबलमा एक विघा जमिन पाइने आफूले एकहजार रुबलमा पाँचहजार विघा जमिन किनेको भलाकुसारीको क्रममा कुरा भएपछि प्याखोभले त्यतै जाने विचार गरी उपहारहरू बोकेर गयो । प्याखोभलाई बास्किर बासीहरूले स्वागत गरी उसको इच्छा सोधे । उसले आफ्नो इच्छा बतायो । उनीहरूले स्टार्सिनालाई भेटनुपर्ने कुरा जनाएपछि उ स्टार्सिना कहाँ गयो । स्टार्सिनाले पनि एक हजार रुबल तिरेर एकदिन भरि घुमेको जमिन उसकै हुने कुरा बताए । त्यसदिन रात पऱ्यो । प्याखोभ ओछ्यानमा पल्टियो । जग्गा प्राप्तिको यात्रा भोलि शुरु हुने भएकोले कसरी धेरै जमिन हाता पार्न सकिन्छ भन्ने कुराले उ रातभर निदाएन । धनसम्पत्तिको लालाची मानिस सम्पत्ति प्राप्तिका लागि असाध्यै हतारिन्छन् भन्ने कुरा यस भागमा देखाइएको छ ।

कथाको अन्तिम भागमा स्टार्सिनाको उपस्थितिमा बास्किरवासीहरूले प्याखोभलाई बोलाएको, प्याखोभले पनि जमिन प्राप्तिका लागि कुद्न सबै बन्दोबस्तीको सामान मिलाएको, एउटा निश्चित विन्दुबाट प्याखोभलाई कुद्न लगाइएको, प्याखोभ पनि धेरै जमिन प्राप्तिका लागि असाध्यै कुदेको, कुदाईको कारण पसिनाले उसका सारा शरीर भिजेको, डाँडामा घाम डुब्न लागेकोले हतारिएर कुदेको प्याखोभलाई शुभकामनाको हात बास्किरहरूले हल्लाएको तर शिथिलताको कारण प्याखोभ आइपुगे पनि लम्पसार परेको, उसका साथीहरूले बचाउने कोशिस गर्दा पनि प्याखोभ बाँच्न नसकेको, स्टार्सिनाले प्याखोभलाई गाड्ने आदेश दिएको, प्याखोभका नोकरहरूले टाउँको देखि खुट्टासम्म पुग्ने ६ फुट जमिनमा खाडल खनी पुरेको प्रसङ्ग यस भागमा रहेको छ । यस भागले कथाको शीर्षक सार्थकतालाई पुष्टि गरेको छ । नैतिक दृष्टान्त स्वरूप मानिसले कुनै कुरामा बढी आशक्ति देखायो भने उसको ज्यान त्यसकै कारणले जान्छ भन्ने कुरालाई यहाँ पुष्टि गर्न खोजिएको छ ।

## ४.४ कर्दय

कर्दय सामाजिक कथा हो । यस कथाको आदि भागमा कर्दयकी पत्नीले स्वर्णकङ्कण, नयाँ वस्त्र आदि लगाउन पाउनुपर्ने माग गरेकी छिन् । र यदि नदिएको खण्डमा आफ्ना छोराहरू कहाँ

गएर बस्ने धम्की पनि दिइएकी छिन् । तर कर्दय भने सबै कुरा दिन नसक्ने बरु गए जा भनी झोक्किएको कुरा उल्लेख छ । कुरा चर्कदै जाँदा पत्नी चाँहि पनि घरबाट निस्केर गई । जातिले ब्रम्हाण भएपनि कर्दयको एकमात्र उद्देश्य सम्पत्ति जम्मा गर्नु रहेको छ । ऊ कसैलाई सहयोग गर्दैन र भिक्षार्थीलाई गाली गरेर धपाउने, मिठो कुरा कहिल्यै नखाने, राम्रो वस्त्र पनि कहिल्यै नलगाउने, सम्पत्ति थुपार्न मात्र आशक्ति देखाउने भएकोले उसलाई सबैले कर्दय भने उसको साँच्चैको नाम हराएर गयो । यी प्रसङ्गहरूले असाध्यै लोभी कसैलाई सहयोग नगर्ने, दान नदिने भनेजस्तो नखाने, नलाउने लुब्ध मानिसलाई गाउँघर, घरपविारका मानिसहरूले समेत मन पराउँदैनन् र आफू एक्लिनु पर्छ भन्ने सन्देश बोकेको छ । कथाको आदि भागले कर्दयको रुखो र लोभी स्वभावलाई प्रष्ट पारेको छ । कथाको मध्य भागमा लक्ष्मी पूजाको प्रसङ्ग जोडिएको छ । यस भागमा चिच्चाको धन लुच्चाले खान्छ भन्ने नेपाली उखानसँग मिल्ने प्रसङ्ग स्वरूप एउटा जटाधारी साधु उपस्थित गराई सम्पत्ति बढाउने उपाय स्वरूप दिएको जडीबुटीको चूर्णमिश्रित दुःख खाएपछि बेहोस बनेको कदर्यको अवस्थाको चित्रण गरिएको छ । भोलिपल्ट साँझपख मात्र होस आएपछि फेरि बेहोस बनेको कदर्यले बर्रबराउँदै दिन विताएको कुराले कथा मार्मिक बनेको छ । कथाको यही भागले शीर्षकको भावनालाई आत्मासाथ गरेको छ । आदि र मध्य भागले लुब्ध ब्राम्हण कदर्यको स्वभावलाई स्पष्ट पारेको छ ।

कथाको अन्तिम भागमा सम्पत्ति सकिएको कदर्यको दुर्दिनको कुरा उल्लेख छ । यस भागमा उसले अरुलाई दिएको सम्पत्ति पनि फिर्ता गर्न अस्वीकार गरेको, उसले लुकाएर राखेको सारा सम्पत्ति पनि अरु कसैले लगिसकेको, त्यसपछि माग्ने बनेर ताम्रपत्र बोकेर भिक्षा माग्न हिँडेको, धेरैले भिक्षा नदिएको, दिएपनि उच्छृङखल केटाहरूले फ्याँकिदिने, थुकिदिने गरेको र पागल झैं कहिले रुने कहिले हाँस्ने गर्दै धेरै दिन सम्म हिँडेको तर त्यसपछि कता गयो पत्तो नभएको कुरा यस भागमा उल्लेख छ । यस भागले कदर्य कथाको निष्कर्ष स्वरूप सम्पत्ति विहिन कदर्यले उसका दुःख बाँड्ने आफ्ना मान्छे समेत नहुँदा विक्षिप्त बनेको कुरालाई प्रष्ट पारेको छ । संरचनाको दृष्टिले कथा उपयुक्त नै देखिन्छ । कदर्य शब्द शीर्षक भएकोले पनि विद्यार्थीहरूमा कौतुहलता सिर्जना गर्न सक्ने देखिन्छ । असाध्यै लोभी व्यक्तिलाई दिइने उपनाम कदर्य शब्दले विद्यार्थीहरूलाई असाध्यै लोभ नगर्न सन्देश दिएको छ ।

## ४.५ बुहारीको खोजी

बुहारीको खोजी कथा सामाजिक कथा हो । यस कथाको आदि भागमा कथाको प्रमुख पात्र मणिलाल आफ्नी आमाको देहावसानपछि टुहुरो भएको छोरो राजुको विवाह गर्ने उमेर पुगेकोले सुन्दरी सुशील र असल शीलस्वभाव भएकी दुलही खोजी गर्ने विचारले राजुलाई कुनै कुराको जानकारी नगराई पाँच डोका अङ्गुर टिप्न लगाएर चार पाँच जना भरियालाई बोकाएर आफू घोडामा चढी अघि लागेको र टाढाको गाउँमा पुगी घर वडारेको फोहोरसँग अङ्गुर साट्न आउनुहोस् भनी कराउँदै हिँडेको कुरा चित्रण गरिएको छ । शुरुमा गाउँलेहरूले त्यस्तो कुरा नपत्याएको, झ्यालढोका बन्द गरेको, पागल या जासुस हुनुपर्छ भनी अनुमान गरेको, तर फेरि चिच्याएर कराएपछि गाउँलेहरू आउन थालेको कुरा यस भागमा उल्लेख छ ।

कथाको मध्य भागमा कथा विस्तार भएको छ । यस भागमा गाउँकी एक जना आइमाई फोहोर लिएर आएको, बूढाले त्यस आइमाईलाई एक डबका अङ्गुर दिएको, त्यसपछि गाउँका अन्य युवायुवती बृद्धबृद्धाहरू धेरै आएको, तर उनले खोजेको कुरा नभेटाएपछि जम्मा भएको फोहोर तिनै  भरियालाई बोकाई घर फर्किएको, राजुले खोजेको चीज भेटियो त भनी सोद्धा भेटिएन भनी उत्तर दिएको, भोलि पुनः पाँच डोको अङ्गुर टिप्नु भनेको, हिजो जस्तै आज अर्कै नयाँ गाउँमा गएको त्यहाँ मानिसहरूले विभिन्न किसिमको लख काटेको, सातौं दिनमा फोहोरसँग अङ्गुर साट्दै जाँदा एउटी सोह्र सत्र वर्षकी युवतीले हातमा अलिकति फोहोर लिएर आई अङ्गुर मागेको तर बूढाले थोरै फोहोर भएकोले अङ्गुर दिन अस्वीकार  गरेको युवतीले आफ्नो घरमा फोहोर नभएको दिनैपिच्छे वढार्ने गरेको, त्यो फोहोर पनि अर्को घरबाट ल्याएको भनेपछि मणिलालले खुशी हुँदै युवतीको प्रशंसा गर्दै आशीर्वाद दिएको कुरा यस भागमा चित्रण गरिएको छ । यो भाग अध्येताका लागि रोचक र कौतुहलपूर्ण छ भने बालबालिकामा असल शीलस्वभाव, सफासुग्घर बस्ने बानी मिहिनेती, धैर्यशील आदि गुणहरूको विकास गराउन सफल रहेको देखिन्छ ।

यस कथाको अन्तिम भागले कथालाई निष्कर्ष तिर डोऱ्याएको छ । यस भागमा मणिलालले युवतीसँग घरपरिवारको बारेमा सोधेको, मणिलाल खुशी भएर त्यो युवतीलाई अङ्गुरको डोकै

जिम्मा लगाएको, युवतीसँगै उनको घरमा गएको, युवतीको बाबुसँग आफ्नो छोराको विवाह युवतीसँग गर्ने प्रस्ताव राखेको, युवतीको बाबुले छोरालाई पठाउन अनुरोध गरेको, त्यस दिन चाँहि खुशी भएर घर फर्किएको, राजुको भेटियो भन्ने प्रश्नको जवाफमा भनेभन्दा राम्रो भेटिएको जवाफ दिएको र राजुलाई पनि जानुपर्छ तर अङ्गुर चाँहि पर्दैन भनेको, राजुको कहाँ जाने भन्ने प्रश्नको उत्तरमा बुहारी हेर्न भनी जवाफ दिंदा राजु लजाएको, र बूढा मक्ख परेको कुरा उल्लेख छ । यस भागले कथालाई निष्कर्षमा टुङग्याएको त छ नै त्यो भन्दा पनि यस भागले बुहारीको खोजी भन्ने शीर्षकलाई पनि पूर्णता दिने काम गरेको छ । खोजी गरे जस्तै बुहारी भेटेपछि कथा सुखान्त बनेको छ ।

कथाको संरचना विद्यार्थीको उमेर, रूचि,क्षमता आदिसँग मेलखाने खालको देखिन्छ । बुहारीको खोजी अनौठो पाराले गरिएकोले कथा शुरुबाट नै कौतुहलपूर्ण बनेको छ । कथा सरल भएपनि कथाले विद्यार्थीहरूमा असल स्वभावको मिहिनेती र सँधै सफासुग्घर बस्ने बानीको विकास गराउन खोजेको देखिन्छ ।

## ४.६ मास्टरकी आमा

मास्टरकी आमा कथा आधुनिक कथा हो । यस कथामा कुण्ठित बालमनोविज्ञानको चित्रण गरिएको छ । यस कथाको आदि भागमा आमा हरिमाया, छोरा हर्के, हर्के ६ वर्षको हुँदा मृत्युवरण गरेको धनवीर आदि पात्रहरूको परिचय गराइएको छ । यस कथाकी पात्रा हरिमाया आफ्नो पतिको मृत्यु पश्चात बनिबुतो, मेलोपात गर्दै छोरो हुर्काउने आफ्नो काँधमा आएको जिम्मेवारी पूरा गर्न पतिको वियोगले पुऱ्याएको धातलाई विर्सदै,बुढेसकालको साहारा हर्केलाई नै ठानी अघि बढ्ने कम्मर कसेको, १६,१७ वर्षको हर्के सलक्क परेको,मिजासिलो, टुहुरो जस्तो नदेखिने, आमालाई घरायसी काम सघाएको देखेर हरिमायाको दु:खको दिन गयो

भनी गाउँलेहरूले भनेको कुराको चित्रण यस भागमा रहेको छ । यस भागमा आमाले जेजस्तो दु:ख गरेर भएपनि आफ्नो छोरोलाई बाबुको अभाव अनुभव गर्न नदिई हुर्काएको कुरा उल्लेख छ
।

कथाको मध्य भागमा हरिमायाको मिठो कल्पना राम्रो शीलस्वभाव भएकी बुहारी भित्र्याउने इच्छा पूरा हुन नपाउँदै परदेश गएर दुई चार पैसा पनि कमाउने र यसो दुई चार अक्षर पनि चिन्ने विचार गरी गाउँका केटाहरूसँग हर्के राति नै भागेर हिँडेको हरिमायालाई हुनसम्म पीर आइपरे पनि माझघरे लाहुरे माहिलो,तल्ला घरे हवल्दार खत्री जेठो फर्केर आएको सम्झी आशाको त्यान्द्रोमा झुण्डिएर बाँच्न विवश भएको कुराको उल्लेख छ । कथाको यस भागले बालकहरूमा गुम्सिएर रहेको इच्छा आकांक्षहरू पूरा हुन पाएनन् भने उनीहरू घर छाडेर भएपनि पूरा गर्न कोसिस गर्छन् भन्ने कुराको सन्देश दिएको छ ।

हृदय विदारक घटनाबाट शुरु भएको यस कथामा सानासाना सनसनीपूर्ण घटनाहरू देखापर्दछ । पति वियोगको घाउ नसेलाउँदै बढेको छोरोले घर छोड्नु, साहारा कोही नभएपछि छोरो फर्केर आउँला भन्ने सानो आशााको त्यान्द्रोमा जीवन विताउन बाध्य हुनु यस कथाको पात्र हरिमायाको दिनचर्या नै थियो । कथाको अन्तिम भागले कथालाई निष्कर्षता प्रदान गर्ने मात्र प्रयत्न गरेको छैन यहाँ कथाले आशा र उत्साहजनक अवसरहरू सिर्जना गरेको छ । यस भागमा आठ वर्षपछि हर्के फर्किएर आएको, आमा, छोरो आएकोमा अति नै खुशी भएको, आमाछोरा वीच परदेशमा भए गरेका कामको बारेमा भलाकुसारी भएको, भलाकुसारीको क्रममा हर्केले आए.ए.सम्मको शिक्षा लिएको जानकारी दिएको र हर्के हाल गाउँकै विद्यालयको मास्टर भएको,दीनहीन हरिमाया मास्टरकी आमा भएकी कुराको चित्रण यस भागले गरेको देखिन्छ । कथाको यस भागले शीर्षक सार्थकतालाई पनि प्रमाणित गरेको देखिन्छ ।

कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट मासटरकी आमा कथा कुण्ठित बालमनोविज्ञानलाई चिरफार गरी लेखिएको कथा हो । संरचनात्मक दृष्टिले कथा ज्यादै सरल छ । कथा हृदयविदारक घटनाहरूको जालोबाट अघि बढेको भएपनि अन्त्यमा सुखद क्षणहरूलाई निम्तो गर्दै निम्ठ्याइएको छ । रूचिपूर्ण,कौतुहलतापूर्ण विद्यार्थीको उमेर र क्षमता अनुसार छनौट गरिएको यस कथाले विद्यार्थीहरूलाई जुनसुकै मूल्य चुकाएर भएपनि पढ्न सके आफू लगायत परिवारको मुहारमा खुशी ल्याउन सकिन्छ भन्ने सन्देश दिएको छ ।

## ४.३ भाषा

वाल्मीकि कथाको भाषा सरस देखिन्छ । यस कथामा प्रयुक्त शब्दहरू कक्षा सात को विद्यार्थीहरूको क्षमता र स्तर अनुरूप नै देखिन्छ । पौराणिक कथा भएकोले केही संस्कृतका शब्दहरू भएपनि त्यति कठिन देखिदैन । तर बकम्फुसे,विमुक्त, क्रौञ्चपक्षी आदि शब्दहरू विद्यार्थीहरूका लागि अलिक कठिन देखिन्छ । यस्ता शब्दहरूलाई विद्यार्थीहरूले जान्नका लागि घोक्नै पर्ने हुन्छ । त्यसैले यस्ता शब्दहरूको छनौट पनि उपयुक्त तरिकाले गरिनुपर्दछ ।

खरानीको डोरी कथामा प्रयुक्त भाषा सरल छ । लोककथा भएकोले यसको भाषा रसिलो र सामान्य छ । कक्षा सात मा अध्ययनरत बालबालिकाहरूले बुझ्न सक्ने खालको छ । खजाना, जाहेर, दाखिला, परिपत्र जस्ता शब्दहरू जनजिब्रोका शब्दहरू होइनन् यी शब्दहरू प्रशासनिक क्षेत्रमा प्रयोग हुने शब्दहरू हुन् । अर्थात यिनलाई प्राविधिक शब्दको कोटिमा पनि राख्न सकिन्छ । यस्ता प्राविधिक शब्दहरूको ज्ञान कुनै न कुनै रूपमा दिनु उपयुक्त नै ठानिन्छ ।

मानिसलाई कति जमिन चाहिन्छ ? भन्ने कथा लियो टाल्सटायको “हाउ मच ल्याण्ड डज ए म्यान निड” भन्ने कथामा आधारित रसियन कथा हो । यस कथाभित्र कतिपय रसियन शब्दको प्रयोग भएको पाइन्छ । रसियन शब्दको नेपाली रूपान्तरित शब्द उस्तै नहुने हुनाले यस कथामा रसियन शब्द जस्ताको त्यस्तै राखिएको छ जुन विद्यार्थीहरूका लागि दुर्बोध्य छन् । प्याखोभ,भोल्गा, बास्किर,रुबल,एकड, स्टार्सिना जस्ता शब्दहरू रसियन शब्दहरू हुन् । यी शब्दहरू विद्यार्थीले जान्नलाई घोक्नै पर्ने हुन्छ ।

कदर्य कथामा प्रयुक्त भाषा अलिक कठिन जस्तो देखिन्छ । कथाको शीर्षक शब्द कदर्य नै कक्षा सात मा अध्ययनरत बालबालिकको लागि झट्ट अर्थ नलागने शब्द देखिन्छ । यसमा प्रयोग भएका अन्य शब्दहरूमा स्वर्णकङ्कण,बनियाँ,लुब्ध,रौप्यमुद्रा आदि बालबालिकाको लागि कठिन शब्दहरू हुन् । यस्ता शब्दहरूले विषयवस्तुमा र विद्यार्थीको व्यवहार परिवर्तनमा भन्दा बढी शाब्दिक ज्ञानका लागि पाठ्यपुस्तक हाभी भएको भान हुन्छ । त्यसैले शब्द थोपर्नु भन्दा बढी आवृत्ति हुने शब्दहरू राखिनु सान्दर्भिक हुन्छ जसले गर्दा विद्यार्थीको व्यवहार परिवर्तन पनि गर्न सकिन्छ भने शाब्दिक ज्ञान पनि धेरै दिन सकिन्छ । त्यस कारण पाठ्यपुस्तकले आवृत्तिमूलक शब्दहरूको प्रयोगमा बढी जोड दिनु आवश्यक देखिन्छ ।

बुहारीको खोजी कथा ज्यादै सरल शब्दहरूको संयोजनबाट तयार भएको कथा हो । सामान्य शब्दहरू जुन नेपाली समाजको गाउँ,शहर,तराई,पहाड र हिमाल सबै क्षेत्रहरूमा बराबर प्रयोग हुने गरेका छन् । त्यस्ता शब्दहरूको उपस्थितिले कथा सुबोध्य बनेको छ । कक्षा सातका बालबालिकाको लागि अति उपयुक्त देखिन्छ ।

मास्टरकी आमा कथा नितान्त गाउँले परिवेशमा लेखिएको कथा हो । यस कथाले गाउँको अति विपन्न परिवारको दुःखद जीवन यापनको बारेमा चित्रण गरेकोले कतिपय शब्दहरू नितान्त गाउँले शब्दहरू प्रयोग भएका छन् । एक हलको मेलो, बनिबुतो,मेलापात जस्ता शब्दहरू गाउँघरका विद्यार्थीहरूले सहजै बुझ्न सक्छन् र त्यसलाई व्यवहारमा प्रयोगमा पनि ल्याउन सक्छन् तर शहर बजारका विद्यार्थीहरू जसले यस्ता शब्दहरू सुनिरहनु पर्दैन तिनीहरूलाई यी शब्द जान्नु र नजान्नुमा कुनै फरक पर्दैन । त्यसैले शब्दहरूको छनौट गर्दा हिमाल,पहाड,तराइ,गाउँ,शहर आदि सबै क्षेत्रमा बसोबास गर्ने विद्यार्थीहरूका लागि उपयोगी हुने साझा शब्दहरूको छनौट गर्नु सबैभन्दा श्रेष्ठ ठहर्दछ ।

## ४.४ पाठको लम्बाइ

बाल्मीकि कथामा छोटा-छोटा १४ वटा अनुच्छेद रहेका छन् । लामा र छोटा गरेर जम्मा १३० हरफहरू रहेका छन् । लामा हरफहरू २२ शब्दका छन् भने छोटा हरफमा पाँच शब्द सम्मका हरफहरू रहेका छन् ।

खरानीको डोरी कथा लामा लामा ७ वटा अनुच्छेदद्वारा सिर्जना गरिएको कथा हो । यस कथामा जम्मा १०५ हरफहरू रहेका छन् । लामा हरफहरू १८ शब्द सम्मका छन् भने छोटा हरफहरूमा जम्मा ६ शब्द सम्म रहेका छन् ।

मानिसलाई कति जमिन चाहिन्छः ? कथामा जम्मा २६ वटा छोटा- छोटा अनुच्छेदहरू रहेका छन् । २ हरफ देखि १२ हरफहरू भएका यी अनुच्छेदहरू साह्रै छोटा छन् । यस कथामा यी अनुच्छेदहरूमा लामा छोटा गरेर जम्मा १२० हरफहरू मात्र छन् । लामा हरफमा १२ शब्द सम्मका हरफहरू छन् भने छोटा हरफहरूमा २ शब्द सम्मका हरफहरू रहेका छन् ।

कदर्य कथा १५ वटा लामा छोटा अनुच्छेदहरू मिलेर बनेको छ । यस कथामा जम्मा ७४ हरफहरू रहेका छन् । लामा हरफमा १९ शब्द सम्मका हरफहरू रहेका छन् भने छोटा हरफहरूमा २ शब्द सम्मका हरफहरू रहेका छन् ।

बुहारीको खोजी कथामा लामा छोटा जम्मा १६ वटा अनुच्छेदहरू रहेका छन् । यस कथामा २२ शब्दसम्मका लामा हरफ र ३ शब्द सम्मका छोटा हरफहरू रहेका छन् । यस कथामा जम्मा ८८ हरफहरू रहेका छन् ।

मास्टरकी आमा कथामा जम्मा ८ वटा अनुच्छेद रहेका छन् । लामा हरफहरू २३ शब्द सम्मका छन् भने छोटा हरफहरूमा ३ शब्दसम्मका हरफहरू रहेका छन् ।

## ४.५. पाठको लम्बाइको तुलना

पाठमा प्रयुक्त हरफ र अनुच्छेदलाई तालिकामा दिइएको छ ।

| क्र.सं. | शीर्षक | हरफहरू | अनुच्छेदहरू |
|---|---|---|---|
| १ | वाल्मीकि | १३० | १४ |
| २ | खरानीको डोरी | १०५ | ७ |
| ३ | मानिसलाई कति जमिन चाहिन्छ? | १२० | २६ |
| ४ | कदर्य | ७४ | १५ |
| ५ | बुहारीको खोजी | ८८ | १६ |
| ६ | मास्टरकी आमा | ७१ | ८ |

माथिको तालिकलाई हेर्दा हरफका  दृष्टिले सबैभन्दा लामो कथा वाल्मीकि हो भने थोरै हरफ र छोटो पाठ भएको कथा मास्टरकी आमा कथा हो । वाल्मीकि कथा पछाडि मानिसलाई कति जमिन चाहिन्छ? कथा हरफको दृष्टिले अलिक लामो देखिन्छ । त्यस पछि खरानीको डोरी कथा लम्बाइको दृष्टिले तस्रो श्रेणीको कथाको रूपमा रहेको छ । यस पाठ्यपुस्तकमा समाविष्ट कथाहरू लम्बाइका दृष्टिले समान नभए पनि एकाध कथालाई छोडेर विद्यार्थीको कुनै न कुनै व्यवहार पक्षलाई प्रभावित गर्ने खालको देखिन्छ ।

अनुच्छेदका दृष्टिले मानिसलाई कति जमिन चाहिन्छ ? भन्ने कथा लामो देखिन्छ तर  यस कथामा २ हरफ देखि १२ हरफ सम्मका मात्र छोटा छोटा अनुच्छेदहरू रहेका छन् । त्यसैगरी अनुच्छेदका दृष्टिले साह्रै छोटो कथा खरानीको डोरी कथा भएको भएपनि यस कथामा लामा-लामा अनुच्छेदहरू रहेका छन् । कदर्य, बाल्मीकि, बुहारीको खोजी कथाको अनुच्छेदहरू समान रहेका छन् तर मास्टरकी आमा कथाको अनुच्छेदमा समानता देखिदैन ।

समग्रमा कुनै कथा अलिक लामा कुनै छोटा भएपनि कथाको छनौट र स्तरण धेरै हदसम्म कक्षा साताको विद्यार्थीको स्तर, उमेर र क्षमता अनुसारकै देखिन्छ ।

## ४.६ वाक्य संरचना

कक्षा सातको ५ वटा कथामा समाविष्ट वाक्यहरू के कसरी बनेका छन् ? तथा ती के कति छन् भन्ने कुरा तालिकामा देखाइएको छ ।

| क्र.सं. | शीर्षक | सरल | मिश्र | संयुक्त |
|---|---|---|---|---|
| १ | वाल्मीकि | ६५ | २ | २९ |
| २ | खरानीको डोरी | ५३ | १ | ३५ |
| ३ | मानिसलाई कति जमिन चाहिन्छ? | ५८ | १ | ३७ |

| | | | | |
|---|---|---|---|---|
| ४ | कदर्य | ४९ | १ | ३९ |
| ५ | बुहारीको खोजी | ४५ | १ | ४३ |
| ६ | मास्टरकी आमा | ४३ | १ | ४२ |
| | **जम्मा** | **३१३** | **७** | **२२५** |

उक्त तालिकलाई दृष्टिगत गर्दा सरल वाक्य,मिश्र वाक्य र संयुक्त वाक्यको जम्मा ३१३, ७ र २२५ रहेका छन् । सामान्य रूपमा हेर्दा मिश्र वाक्य र संयुक्त वाक्य भन्दा बढी सरल वाक्यको उपस्थिति देखिन्छ । सरल वाक्यको बाहुल्य हुनु राम्रो ठानिन्छ । मिश्र वाक्यको उपस्थिति ज्यादै न्यून देखिन्छ भने संयुक्त वाक्य झण्डै सरल वाक्यको हाराहारीमा देखिन्छ । यस कथामा सरल, संयुक्त र मिश्र वाक्यको रखाइ क्रम मिलेकै देखिन्छ ।

## ४.६ शब्द भण्डार

शब्द भण्डार भित्र नेपाली शब्द ढुकुटीका विभिन्न किसिमका शब्दहरू पर्छन् । यहाँ वर्गको आधारमा, बनोटको आधारमा,स्रोतको आधारमा कथाका पाठमा प्रयुक्त शब्दहरूलाई विश्लेषण गरिएको छ ।

### ४.६.१ वर्गको आधारमा शब्द भण्डार

#### ४.६.१.१ विकारी शब्द

शिक्षणलाई प्रभावकारी बनाउन पाठमा प्रयोग गरिएका शब्दहरू जीवनसापेक्ष व्यवहारिक रूपमा प्रचलित हुनुपर्छ । कथामा प्रयुक्त शब्दबाट विद्यार्थीहरूले नाम, सर्वनाम, विशेषण र क्रियापद सम्बन्धी जान्नुपर्छ । नाम, सर्वनाम, विशेषण र क्रियापदको प्रसस्त मात्रामा प्रयोगले कथा सरल

र बोधगम्य बन्न जान्छ । भाषा पाठ्यपुस्तकको कथामा प्रयुक्त नाम, सर्वनाम,विशेषण र क्रियापदका शब्दहरूलाई तालिकामा दिइएको छ ।

| क्र.सं. | शीर्षक | नाम | सर्वनाम | विशेषण | क्रियापद |
|---|---|---|---|---|---|
| १ | वाल्मीकि | ३७६ | १४९ | १०९ | २७८ |
| २ | खरानीको डोरी | ३४० | १०४ | ९८ | २४४ |
| ३ | मानिसलाई कति जमिन चाहिन्छ? | ३५६ | ११४ | ९६ | २६२ |
| ४ | कदर्य | ३१८ | ९४ | ७९ | २४८ |
| ५ | बुहारीको खोजी | ३१३ | ११२ | ८८ | १७२ |
| ६ | मास्टरकी आमा | ३६१ | १०२ | ७९ | १९१ |
| | **जम्मा** | **२०६४** | **६७५** | **५४०** | **१३९५** |

उपर्युक्त तालिकालाई अवलोकन गर्दा नाम, सर्वनाम, विशेषण र क्रियापदको जम्मा शब्दसंख्या २०६४, ६७५, ५४० र १३९५ देखापर्छन् । उक्त अवस्थाले के देखाउँछ भने कथामा नाम, सर्वनाम, विशेषण र क्रियापद आदि उपयुक्त संख्यामा नै देखिन्छ । त्यसैले कथा छनौट र स्तरण पनि उपयुक्त तवरले नै भएको देखिन्छ ।

### ४.६.१.२ अविकारी शब्द

| क्र.सं. | कथा शीर्षक | नामयोगी | क्रियायोगी | संयोजक | निपात | विस्मयादिबोधक |
|---|---|---|---|---|---|---|
| १ | वाल्मीकि | ५२ | २०४ | ३५ | १४ | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | खरानीको डोरी | १३ | १७१ | ४२ | ९ | १ |
| ३ | मानिसलाई कति जमिन चाहिन्छ? | ३२ | १८२ | ३४ | १८ | २ |
| ४ | कदर्य | ३५ | १४९ | २५ | १६ | १ |
| ५ | बुहारीको खोजी | ४० | १५८ | २२ | १३ | २ |
| ६ | मास्टरकी आमा | ४१ | १६२ | २४ | १९ | १ |
| | **जम्मा** | **२१३** | **१०२६** | **३८२** | **१४१** | **७** |

उक्त कक्षाका कथाका पाठहरूमा अविकारी शब्दको प्रयोगलाई हेर्दा नामयोगी, क्रियायोगी, संयोजक, निपात र विस्मयादिबोधक शब्दहरू क्रमशः २१३, १०२६,३८२,१४१ र ७ रहेको पाइन्छ । प्राय सबैजसो कथामा नामयोगी, क्रियायोगी,संयोजक,निपात र विस्मयादिबोधक शब्दहरूको अनुपात मिलेको नै देखिन्छ ।

### ४.६.२.३ बनोटको आधारमा शब्द भण्डार

| क्र.सं. | कथा शीर्षक | मूल | व्युत्पन्न | रूपायित |
|---|---|---|---|---|
| १ | वाल्मीकि | ६३० | १८९ | २९४ |
| २ | खरानीको डोरी | ५८७ | १६२ | २८७ |
| ३ | मानिसलाई कति जमिन चाहिन्छ? | ५३७ | २२४ | २६२ |
| ४ | कदर्य | ५६० | २१० | २७३ |
| ५ | बुहारीको खोजी | ५२९ | १९२ | २८४ |

| | | | | |
|---|---|---|---|---|
| ६ | मास्टरकी आमा | ५३७ | १२९ | २६६ |
| | **जम्मा** | **३३८०** | **११०६** | **१६६६** |

समग्रमा भन्नु पर्दा लगभग कथामा शब्दहरूको रखाइक्रम मिलेको देखिन्छ । तर व्युत्पन्न र रूपायित शब्दको तुलनामा मूल शब्द अलि बढी नै देखिन्छ ।

### ४.६.२.४ स्रोतको आधारमा शब्दभण्डार

यस कक्षाको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूमा प्रयोग भएका तत्सम, तद्भव र आगन्तुक शब्दहरूलाई तालिकमा दिइएको छ ।

| क्र.सं. | कथा शीर्षक | तत्सम | तद्भव | आगन्तुक |
|---|---|---|---|---|
| १ | वाल्मीकि | ७२ | ९९४ | ८४ |
| २ | खरानीको डोरी | ३० | ९६० | २३ |
| ३ | मानिसलाई कति जमिन चाहिन्छ? | ६५ | ९७२ | ६१ |
| ४ | कदर्य | ५८ | ९११ | ३० |
| ५ | बुहारीको खोजी | ६८ | ९२५ | ६८ |
| ६ | मास्टरकी आमा | ५६ | ९३४ | ३० |
| | **जम्मा** | **३४९** | **५६९६** | **२९६** |

उपर्युक्त तालिकालाई दृष्टिदिंदा तत्सम, तद्भव र आगन्तुक शब्दको जम्मा शब्द संख्या क्रमशः ३४९, ५६९६ र २९६ देखिन्छ । पाठगत हिसाबले हेर्दा सबभन्दा बढी तत्सम शब्द वाल्मीकि, मानिसलाई कति जमीन चाहिन्छ? र बुहारीको खोजी कथामा पाइन्छ । तत्सम र आगन्तुक शब्दको तुलनामा तद्भव शब्द ज्यादै धेरै रहेको पाइन्छ । तत्सम र आगन्तुक शब्दको प्रयोगले भन्दा तद्भव शब्दको बढी प्रयोगले विद्यार्थीहरूमा भाषिक सीपको विकास गराउन सकिन्छ । शब्दका स्रोतको हिसाबले यस तहका पाठ्यपुस्तकमा विद्यार्थीको उमेर, स्तर र क्षमता अनुसारका शब्दहरूको नै प्रयोग भएको देखिन्छ । कुनै कुनै शब्द जटलि हुनु सामान्य मानिन्छ । तद्भव शब्द अलिक बढी देखिएतापनि शब्द समायोजन समानुपातिक हिसाबले नै गरेको देखिन्छ ।

## ४.७. सारांश

वाल्मीकि कथाले विद्यार्थीलाई पौराणिक विषयवस्तुको जानकारी गराउनुका साथै जस्तो परिवारमा हुर्कियो बढ्यो सोही अनुसारको ज्ञान ग्रहण गर्दछ तर विद्वान व्यक्तित्वको असल उपदेशले मूर्ख पनि विद्वान बन्दछ भनी विद्वानहरू प्रति श्रद्धा व्यक्त गरेको देखिन्छ । कथा रोचक हुनका साथै संरचना पनि विद्यार्थीको उमेर स्तर र क्षमता अनुसार कै देखिन्छ ।

खरानीको डोरी कथा गाउँलेको मुखमा झुण्डिएको लोककथा हो । सरल शब्द र सरल वाक्यको संयोजनमा लेखिएको यस कथाको मध्य भागले कथाको शीर्षक सार्थकतालाई प्रमाणित गरेको छ । संरचनात्मक हिसाबले हेर्दा कथा सरल रूचिपूर्ण विद्यार्थीको स्तर उमेर सुहाउँदो देखिन्छ । यस कथाले बूढापाका प्रति श्रद्धा र सम्मान गर्नु पर्दछ किनभने उनीहरूको अनुभव भावी पुस्ताका लागि उपयोगी हुन्छ भन्ने कुरा विद्यार्थीलाई प्रेषित गर्न खोजेको छ ।

यस पाठ्यपुस्तकमा समाविष्ट कथा मानिसलाई कति जमिन चाहिन्छ ? नीतिकथाको श्रेणीमा राखिएको हो । यस कथाले अनावश्यक लोभ गर्नु हुँदैन भन्ने सन्देश दिएको छ । धेरै नैतिकमूल्य मान्यताका कुरा र सोही अनुसारको व्यवहार अपेक्षा गरिएको कथा राखिनु पर्ने पाठ्यक्रमले सुझाव दिए पनि यस खालको कथा मात्र राखिनु दुर्भाग्यको कुरा हो । संरचनात्मक आधारमा हेर्ने हो भने कथा यस तहका विद्यार्थीको लागि उपयोगी देखिन्छ ।

कदर्य कथाले सामाजिक यथार्थलाई चित्रण गरेको छ । यस कथाले आवश्यक परेको वेला पनि खर्च नगर्ने प्रवृत्तिले परिवार,समाज आदिवाट तिरस्कृत हुनुपर्दछ र दुःखद अन्त्य हुन्छ भन्ने कुरालाई प्रष्ट पारेको छ । यस कथाको संरचना यस तहको लागि उपयोगी देखिन्छ । त्यसैगरी अर्को कथा बुहारीको खोजी कथाले पनि सामाजिक विषयवस्तुको चित्रण गरेको छ । यस कथाले असल शीलस्वभाव भएकी बुहारी भित्र्याउने तिब्र इच्छा सबैलाई हुने तर प्राप्त गर्न कठिन हुने भएकोले व्यवहारको नै जाँच गर्नुपर्दछ । त्यसले मात्र असल र खराब छुट्याउन सकिन्छ भन्ने निष्कर्ष प्रस्तुत गरेको छ ।

मास्टरकी आमा कथाले कुण्ठित बालमनोविज्ञानको झलक दिएको छ । पाठ्यक्रम अनुसार राखिएको उपयुक्त यस कथाको संरचनात्मक पक्ष बालबालिकाहरूको रूचि,स्तर र उमेर अनुसारकै देखिन्छ ।

यस पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूका हरफहरूलाई हेर्दा बाल्मीकि कथामा १४ वटा अनुच्छेद र १३० वटा हरफहरू रहेका छन् । खरानीको डोरी कथा ७ अनुच्छेद र १०५ लामा छोटा हरफहरूको संयोजनबाट  तयार भएको छ । मानिसलाई कति जमिन चाहिन्छ? कथामा छोटा-छोटा जम्मा २६ वटा अनुच्छेदहरू रहेका छन् । १२० वटा लामा छोटा हरफहरू रहेका यी हरफहरूमा २ शब्दका छोटा र १२ शब्द सम्मका लामा हरफहरू रहेका छन् । कदर्य कथा १५ अनुच्छेद र ७४ हरफहरूबाट  बनेको छ । बुहारीको खोजी कथा ८८ हरफ र १६ अनुच्छेदहरूबाट निर्मित भएको छ । मास्टरकी आमा कथामा ७१ हरफहरू र ७ अनुच्छेद रहेका छन् । यस पाठ्यपुस्तकमा समाविष्ट कथाहरूमा ३१३ सरल ७ वटा मिश्र र २२५ वटा संयुक्त वाक्यहरू रहेका छन् । संयुक्त र मिश्र वाक्यको तुलनमा सरल वाक्यको प्रयोग बढी रहेको देखिन्छ । यो पक्ष बोधगम्यताको लागि ज्यादै राम्रो मानिन्छ । कतै कतै लामो खाले सरल वाक्यको प्रयोग भएको छ । यसले विद्यार्थीलाई बुझ्न र सम्झन कठिन बनाएको देखिन्छ । वर्गको आधारमा शब्दहरू छुट्याउँदा यस पुस्तकमा समाविष्ट जम्मा ६ वटा कथाहरूमा नाम शब्द २०६४, सर्वनाम ६७५, विशेषण ५४०,क्रियापद १३९५ रहेका छन् । नाम, सर्वनाम, विशेषण,क्रियापद आदिको सन्तुलित रूपमा प्रयोग भएको देखिन्छ । वर्गकै आधारमा छुट्याइएको विकारी र अविकारी शब्दहरूमा नामायोगी २१३, क्रियायोगी १०२६, संयोजक ३८२, निपात १४१ र विस्मायादिबोधक ७ रहेका छन् ।

कथामा रहेका तत्सम, तद्भव र आगन्तुक शब्दहरू मध्ये तत्सम शब्द ३४९,तद्भव शब्द ५६९६ र आगन्तुक शब्द २९६ रहेका छन् । तत्सम र आगन्तुक शब्दको तुलनामा तद्भव शब्दको संख्या अलिक बढी रहेको देखिन्छ । तत्सम र आगन्तुक शब्द भन्दा तद्भव शब्द बढी हुनु भनेको कथाले बोधगम्यता प्राप्त गर्नु हो । विद्यार्थीको क्षमता स्तर अनुरूप प्रयोग भएका शब्दहरू यस तहका लागि उपयोगी र सान्दर्भिक देखिन्छ ।

बनोटको आधारमा शब्दहरूलाई हेर्दा मूल,व्यूत्पन्न र रूपायित शब्दहरू रहेका छन् । यस पुस्तकको कथा विधामा समाविष्ट मूलशब्द, व्युत्पन्नशब्द र रूपायितशब्द क्रमशः ३३८०,११०६ र १६६६ रहेका छन् । यी शब्दहरूको कुशल प्रयोगले पनि कथालाई राम्रोसँग सिँगार्न सफल भएको छ ।

# परिच्छेद : पाँच

# कथामा प्रयुक्त नमुना अभ्यासको विश्लेषण

अभ्यास शिक्षण सिकाइ क्रियाकलापको मेरुदण्ड हो । पाठ्यक्रममा निर्दिष्ट उद्देश्यहरू हासिल भयो कि भएन भनेर जाँच्ने कसीका रूपमा पनि अभ्यासलाई लिन सकिन्छ । पाठ्यक्रमका लक्ष्य र उद्देश्यानुकुल तयार पारिएका पाठ्यपुस्तकमा समाविष्ट विषयवस्तु के कति हदसम्म विद्यार्थीले ग्रहण गर्न सके भन्ने कुरा थाहा पाउन त्यसै पाठ्यपुस्तक भित्र प्रयुक्त नमुना अभ्यासहरूको साहारा लिनुपर्ने हुन्छ । अन्य विषयझैं भाषा पाठ्यपुस्तकमा पनि यस किसिमका नमुना अभ्यासहरूको प्रयोग हुनु सान्दर्भिक हुन्छ । भाषिक सीप सिकाइमा पनि अभ्यासलाई आधारविन्दुका रूपमा लिइन्छ ।

यसै गरी यस तहमा समावेश गरिएका कथाका पाठहरू के कति उपयुक्त छन् भनेर जाँच्न ती पाठको पछाडि दिइएका अभ्यासहरूलाई अध्ययन गरेर पनि पत्ता लगाउन सकिन्छ । त्यसैले यस परिच्छेदमा शब्दार्थ, प्रश्नको प्रकृति, विविधता र व्याकरण सम्बन्धी अभ्यासको विश्लेषण निम्न लिखित उपशीर्षकहरूमा गरिएको छ ।

## ५.१. शब्दार्थ तथा शब्दाभण्डार

कक्षा सात को हाम्रो नेपाली किताबमा समविष्ट जम्मा ६ वटा कथाका पानाहरूका अन्त्यमा विभिन्न कठिन शब्दहरू शब्दार्थ शीर्षकमा समावेश गरिएका छन् । प्रत्येक पानाको अन्त्यमा दिइएको कठिन शब्दहरूको अर्थले विद्यार्थीहरूलाई कथा बुझ्नमा सहयोग पुगेको देखिन्छ । यस स्तम्भमा ती शब्दहरूको अर्थ लेख्न वा वाक्यमा प्रयोग  गर्न लगाइएको छैन । त्यसको अर्थ यस स्तम्भले विद्यार्थीमा मात्र शब्दको अर्थ बुझ्न मात्र सिकाएको देखिन्छ । कतिपय कठिन शब्दहरू यस स्तम्भमा राखिएको पाइँदैन । जस्तै– आश्रम, उथलपुथल, समालतुमल, कृतज्ञ, इनाम आदि । पाठमा राखिएको उखानटुक्काको अर्थ शब्दार्थ स्तम्भमा राखेको पाइदैन । उखानटुक्का तथा

अन्य कतिपय कठिन शब्दहरूको अर्थ शब्दार्थ स्तम्भमा नदिएकोले त्यस्ता कठिन शब्दको अर्थ थाह पाउन विद्यार्थीलाई कठिन महसुस भएको छ ।

अभ्यासमा "वाक्यमा प्रयोग गर" शीर्षकमा केही शब्दहरू दिइएका छन् । ती शब्दहरू सान्दर्भिक नै देखिन्छन् । जस्तै– कुख्यात, संगीत, जरिवाना, असहाय, धर्मात्मा, परदेश आदि । त्यसैगरी अर्थ लेख स्तम्भमा ध्येय, यात्री, अलपत्र, सामलतुमल, दुलही, बनिबुतो जस्ता शब्दहरू राखिएको छ । त्यस्तै सच्याएर कापीमा सार भन्ने स्तम्भमा करतब्य, आस्रम, धर्मङ्कट, पियाखोभ, सन्तुश्टि, पर्देष जस्ता शब्दहरू राखिएका छन् । उखानटुक्काको अर्थ नदिइएकोले विद्यार्थीले अर्थ बुझ्न सकेका छैनन् । अर्थ राम्ररी नबुझी उखानटुक्कालाई विद्यार्थीहरू वाक्यमा प्रयोग गर्न असमर्थ हुन्छन् । उखानटुक्काको अर्थ दिए मात्र विद्यार्थीहरू पुस्तकमा प्रयोग गरिएको आधारमा वाक्यमा प्रयोग गर्न सक्छन् ।

प्राथमिक तह र नि.मावि.कक्षा–६ पार गरिसकेका विद्यार्थीहरूका लागि तिनै तल्ला कक्षामा दर्जनौं पटक दोहोरिएका शब्दहरू पुनः दोहोऱ्याउँदा विद्यार्थीहरू नयाँ शब्द सिक्नबाट बञ्चित हुन्छन् । त्यसैले पुराना शब्दहरूका साथमा कम जटिल खालका नयाँ शब्दहरूको ज्ञान गराउँदै जानु पर्ने अपरिहार्यता देखिन्छ । नयाँ शब्दहरूको अर्थ प्रत्येक पानामा दिन सके राम्रो त्यसरी असम्भव भए कुनै छुट्टै पानामा पनि व्यवस्थित गरी राखेर भएपनि नयाँ शब्दको ज्ञान गराउने खालका कथाहरूको छनौट र स्तरण गर्नु उपयुक्त ठानिन्छ ।

## ५.२ नमुना अभ्यासका प्रश्नको प्रकृति

भाषिक सीपको विकास गर्न र पाठ्यक्रमको उदेश्यलाई पूर्ण गर्ने काम नमुना अभ्यासले गर्छ । कथाका मूल पाठका अन्त्यमा दिइएका पाठ सम्बन्धी अभ्यासले कथाबाट प्राप्त गर्न सक्ने उद्देश्यहरू पूरा गराउनका लागि ठूलो मद्दत गर्छ । पठनबोधको अभ्यासले शिक्षणलाई प्रभावकारी बनाउँछ । भाषाका पाठ्यपुस्तकमा पाठको अन्त्यमा दिइएका अभ्यासले वा त्यहाँ भित्रका प्रश्नहरूले शिक्षणलाई सबल र दुर्बल पार्ने गर्छन् । यहाँ पाठका अन्त्यमा दिइएका सीपगत र व्याकरणात्मक अभ्यास बाहेक अन्य अभ्यासका प्रश्नको प्रकृति निम्न प्रकार छ ।

सबै भन्दा पहिला एक वाक्यमा उत्तर दिने प्रश्नहरू समावेश गरिएका छन् भने दोस्रो नम्बरमा छोटो उत्तरात्मक प्रश्नहरू समावेश गरिएका छन् । प्राय सबै कथाहरूमा व्याख्या गर भन्ने प्रश्न समावेश गरिएको छ । खरानीको डोरी कथामा कथाको घटनाक्रम मिलाऊ भन्ने प्रश्न समावेश गरिएको छ । त्यसैगरी यसै कथामा कथाको शीर्षक सुहाउँदो छ,छैन ?भन्ने प्रश्न पनि समावेश गरिएको छ । त्यसै गरी दुईवटा कथामा पढ र बुझ भन्ने प्रश्न राखिएको छ । सबै कथाहरूमा सिर्जनात्मक अभ्यासलाई समावेश गरिएको छ । मनिसलाई कति जमिन चाहिन्छ? भन्ने कथामा कथाको सारांश लेखेर शिक्षकलाई देखाऊ भन्ने प्रश्न पनि समावेश गरिएको छ ।

## ५.३ सीपगत आधारमा अभ्यास

कथाको पाठको अन्त्यमा दिइएका नमुना अभ्यासहरूलाई सीपगत वा उद्देश्यका आधारमा विश्लेषण गर्न सकिन्छ । कुन कुन उद्देश्य वा कुन कुन सीपलाई पूर्ति गर्ने खालका अभ्यासहरू समावेश गरिएका छन् । त्यसको आधारमा पनि पाठका अभ्यासलाई विश्लेषण गर्न सकिन्छ । खासगरी पाठमा राखिएका नमुना अभ्यासहरूले भाषाका चारवटै सीपलाई अगाडि बढाउन सक्नुपर्छ ।

प्रत्येक कथाको पाठको अन्त्यमा राखिएका विविध अभ्यासहरू के कस्ता सीपलाई बढाउने खालका छन्, तिनीहरूको विश्लेषण गरिनु अपरिहार्य छ । कथाको पाठको अभ्यासमा समावेश गरिएका प्रश्नोत्तरको कार्यकलापबाट बोलाइ, पढाइ, लेखाइ सीपको विकास गर्न मद्दत मिल्दछ । तीनै सीपको विकासका लागि सबै कथामा लामा छोटा गरी २९ वटा प्रश्नहरू समावेश गरिएका छन् । यी प्रश्नहरूबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीप विकासमा मद्दत मिल्दछ ।

भाषाका चारै सीपको महत्त्व उत्तिकै भएपनि आ–आफ्नो ठाउँमा सबैलाई उच्च शिखरमा राख्न सकिन्छ । सुनाइ सीप भाषाका चार सीप मध्ये पहिलो सीप हो । जस्तो सुन्छ, उस्तै बोल्छ, उस्तै लेख्छ तसर्थ सुनाइ आवश्यक मानिन्छ । सुनाइ सीप विकासका कार्यकलापहरू छलफल गर्ने, सारांश लेख्ने, व्याख्या गर्ने र मौखिक प्रश्नोत्तर गराउने जस्त प्रश्नहरूको आवश्यकता पर्छ

। कथाका सबै पाठहरूका अभ्यासमा उपयुक्त प्रश्नहरू एउटा एउटा भए पनि समावेश गरिएको छ । मौखिक प्रश्नोत्तर भनेर छुट्टै प्रश्न चाँहि समावेश गरिएको छैन । यसको लागि उत्तर देऊ वा कसले कसलाई भनेको हो भन्ने प्रश्नबाट गराउन सकिन्छ । यस्ता विविध प्रश्नहरू राखेर सुनाइ सीप विकासमा टेवा पुऱ्याएको देखिन्छ ।

नमुना अभ्यासमा बोलाइ सीप विकास गर्ने खालका अभ्यासहरू राख्नु उपयुक्त हुन्छ । बोलाइ सीप विकास गर्ने कार्यकलापहरूमा छलफल गर्ने, ठीक सँग भन्ने, छोटो उत्तर दिने कसले कसलाई भनेको हो, शुद्ध उच्चारण गर शब्दको अर्थ भन जस्ता प्रश्नहरू दिइएको पाइन्छ । यस्ता प्रश्नहरूले विद्यार्थीहरूको बोलाइ सीपको विकासमा सहयोग गर्छन् ।

सुनाइ, बोलाइका साथै पढाइ सीपको पनि उत्तिकै आवश्यकता पर्छ । बालकमा पाठ पढ्न सक्ने क्षमता भएन भने सुनेर र बोलेर मात्र हुदैन, पढ्ने कलाको पनि विकास हुनुपर्छ । तसर्थ कथाका पाठका अन्त्यमा दिइएका अभ्यासहरूमा पढाइ सीप विकासका लागि २९ वटा प्रश्नहरू समावेश गरिएको छ । ठीक सँग भन, पढ र बुझ, शुद्ध उच्चारण गर, कसले कसलाई भनेको हो जस्ता प्रश्नहरू समावेश गरिएका छन् । यस्ता अभ्यासहरूबाट पढाइ सीपको विकास गराउन सकिन्छ ।

लेखाइ सीप पनि अन्य सीपहरू जत्तिकै महत्त्वपूर्ण भएकोले यसको विकासको लागि प्रश्नोत्तर गर्ने, व्याख्या गर्ने, सारांस लेख्ने, कथाको घटनाक्रम मिलाउने, कथा लेख्ने जस्ता अभ्यास समावेश गरिएको पाइन्छ । यस्ता अभ्यासहरूबाट विद्यार्थीहरूमा लेखाइ सीप विकास गर्न सकिन्छ ।

यस पाठ्यपुस्तकमा समाविष्ट छ वटै कथाको अभ्यासमा सिर्जनात्मक अभ्यास भनी कथा लेखन गर्न बुँदाहरू दिइएको पाइन्छ । त्यसैगरी सिर्जनात्मक नाम नदिएको भएपनि सिर्जनात्मक क्रियाकलापलाई नै सहयोग पुऱ्याउने खालका अभ्यासहरू पनि राखेको पाइन्छ । त्यस्ता अभ्यासहरूमा वाल्मीकि कथामा आफ्नै शब्दमा लेख र कारण देउ खरानीको डोरी कथामा घटनाक्रम मिलाऊ, मनिसलाई कति जमिन चाहिन्छ? कथामा सारांश लेख, बुहारीको खोजी कथामा कारण खुलाई लेख र माष्टरकी आमा कथामा कथा बनाएर भन जस्ता अन्य सिर्जनात्मक अभ्यासहरू समावेश गरिएको छ । प्रत्येक पाठमा कुनै न कुनै खालको सिर्जनात्मक

अभ्यासहरू पाइएको छ । तर यस्ता खालका सिर्जनात्मक अभ्यासहरू प्राय सबै पाठमा उत्तिकै संख्यामा राख्न सके विद्यार्थीमा सिर्जना क्षमता राम्रो हुने देखिन्छ ।

## ५.४ व्याकरण सम्बन्धी अभ्यास

नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त विभिन्न विधाका पाठका साथसाथै व्याकरण सिकाउँदै लैजानु अपरिहार्य हुन्छ । भाषिक सीप र क्षमताको विकास गर्न भाषाको शुद्ध र स्पष्ट प्रयोग गर्न पाठका अन्त्यमा व्याकरणको अभ्यास राख्नु आवश्यक छ । कक्षा सात को हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूको नमुना अभ्यासमा दिइएको व्याकरण अभ्यासको विश्लेषण निम्न प्रकार छः :

### १. चिन्ह परिचय

यस पुस्तकको वाल्मीकि कथाको नमुना अभ्यासको व्याकरण खण्डमा लेख्य चिन्हको प्रयोग गर्न सिकाइएको छ ।  पहिले पूर्णविराम, प्रश्न चिन्ह, अल्पविराम, उद्गार चिन्ह, योजक चिन्ह र कोष्टक चिन्हको प्रयोग गर्ने तरिका सिकाइएको छ । चारदेखि दुई वटा सम्म प्रयोगका नमुनाहरू दिइएको छ । त्यसपछि पढ र बुझ शीर्षकमा चिन्हरूका परिभाषाहरू दिइएको छ । आगमन विधिद्वारा विद्यार्थीहरूलाई सिकाउन खोजिएकोले  यो यसको प्रशंसनीय पक्ष हो  भन्न सकिन्छ । त्यसैगरी विद्यार्थीहरूले कतिको जान्न सके या सकेनन् भनी मिल्दा चिन्ह राखेर वाक्य शुद्ध गर भन्ने अभ्यास दिइएको छ । जसमा सबैखाले चिन्हहरू  विद्यार्थीले प्रयोग गर्नुपर्नेछ । प्राय सबै चिन्हहरू पाठमा प्रयुक्त नै हुन् । तर पाठमा प्रयोग भएको एकोहोरो र दोहोरो उद्धहरण चिन्हको बारेमा यो व्याकरण खण्ड मौन रहेको देखिन्छ । पाठमा प्रयोग भएको यस चिन्हको बारेमा पनि विद्यार्थीलाई जानकारी गराउन सकिएको भए अझ राम्रो हुने थियो ।

### २. पदसङ्गति

खरानीको डोरी र मानिसलाई कति जमिन चाहिन्छ ? कथाको व्याकरण खण्डमा पदसङ्गति सम्बन्धी व्याकरण राखिएको छ । खरानीको डोरी कथाको अभ्यासमा बचन सम्बन्धी पदसङ्गतिको बारेमा दिइएको छ । मानिसलाई कति जमिन चाहिन्छ ? भन्ने कथाको अभ्यासमा

पुरुष सम्बन्धी पदसङ्गति दिएको छ । त्यसैगरी कदर्य कथामा लिङ्गका आधारमा पदसङ्गति गर्न सिकाएको देखिन्छ ।

**३. कालका पक्ष**

बुहारीको खोजी कथामा कालका पूर्ण र अपूर्ण पक्षलाई सिकाउन खोजिएको छ । विद्यार्थीहरूले यसभन्दा अघि नै कालका पक्षका बारेमा जानकारी प्राप्त गरिसके जस्तो देखिने यस अभ्यासमा कुनै एउटा निश्चित कालको पक्षको किटान गरिएको छैन तर विद्यार्थीहरूलाई "कोष्टकमा संकेत गरिए अनुसार तलका वाक्यहरू परिवर्तन गर" भनी कालको पूर्णपक्ष र अपूर्ण पक्षमा वाक्यहरू परिवर्तन गर्न लगाइएको छ । क देखि ङ नं. सम्म दिइएको यस्ता समस्यामा बूढा कोठामा पसे(पूर्ण पक्ष), युवती मुस्कुराउँछे(अपूर्ण पक्ष) जस्ता वाक्यहरू समावेश गरिएको छ । कुनै पनि एउटा मात्र कालको पक्ष नभनिएकोले शिक्षकको लागि शिक्षण गर्न पनि गाह्रो छ भने विद्यार्थी पनि अलमलमा पर्ने जस्तो देखिने यो अभ्यास ज्यादै अस्पष्ट देखिन्छ । यसलाई स्पष्ट बनाउन यस भन्दा पूर्व पाठहरू देखि नै कुनै न कुनै कालको निश्चित पक्षहरूका बारेमा जानकारी गराउँदै आएर यहाँ पनि कुनै एक निश्चित कालको पक्षको बारेमा मात्र जानकारी गराउन खोजेको भए या यहीबाट कुनै एक निश्चित कालको पक्षलाई सिकाउन खोजेको भए मात्र यो अभ्यास सान्दर्भिक र पूर्ण हुने थियो ।

**४. कारक र विभक्ति**

मास्टरकी आमा कथामा कर्ताकारक र कर्मकारक छुट्याउने अभ्यास राखिएको छ । आगमनात्मक विधिद्वारा सिकाउन खोजिएको यस अभ्यासमा, धनवीरको मृत्यु भयो, हर्के मिजासिलो थियो । हरिमायाले संसार अँध्यारो देख्न थालिन् , जस्ता वाक्यहरू दिइएको छ । यी वाक्यहरूबाट विद्यार्थीहरूले कुन कर्ताकारक र कुन कर्मकारक हुन् भनी छुट्याउनु पर्ने हुन्छ । यस अभ्यासमा कारक सम्बन्धी कुनै नियम , परिभाषाहरू पाइदैन । यस अभ्यासले कक्षा सात मा कर्ताकारक र कर्मकारकको बारेमा सामान्य जानकारी गराउने जमर्को गरेको मात्र देखिन्छ । एउटै कक्षामा कारकका सम्पूर्ण अङ्गहरूका बारेमा जानकारी गराउँदा विद्यार्थीहरूलाई बोझ हुने महसुस गरी थोरै थोरै गरेर सिकाउने उद्देश्य राखेकोले यो प्रक्रिया पाठ्यपुस्तकको एउटा सराहनीय उद्देश्य मान्नु पर्दछ ।

त्यसैगरी कारक सँगै अर्को अभ्यास मिल्ने विभक्ति खाली ठाउँमा भर भनी दिइएको छ । यस अभ्यासमा प्रथम देखि सप्तमी विभक्तिसम्म अर्थात विभक्तिको सम्पूर्ण रूप खाली ठाउँमा भर्न लगाइएको छ । कारक र विभक्ति उस्तै जस्तो लाग्ने भएकोले र एकै प्रकारका भएकोले पनि यिनीहरू दुईवटैलाई एकै अभ्यासमा प्रस्तुत गरेको देखिन्छ । तर कारकमा दुईवटा कर्ताकारक र कर्मकारक मात्र सिकाउन खोजिएको छ भने विभक्तिका सम्पूर्ण पक्षलाई सिकाउन खोजिएको छ । यसरी विभक्तिको सम्पूर्ण पक्षलाई नसिकाई थोरै मात्र सिकाउन खोजेको भए उपयुक्त हुने थियो ।

यस अभ्यासको उउटा सकारात्मक पक्ष रहेको छ त्यो के भने मास्टरकी आमा कथामा कर्ताकारक प्रयोग भएका वाक्यहरू टिपी शिक्षकलाई देखाऊ भन्ने एउटा समस्या दिइएको छ । यस समस्याले विद्यार्थीलाई पाठमा कर्ताकारक प्रयोग भएको वाक्य खोज्न लगाउनुका साथै कर्ताकारक छुट्याउन सक्ने क्षमता प्रदान गर्दछ ।

## ५.५ सारांश

कथाको पाठका प्रत्येक पानामा शब्दार्थ राखिएको छ । ६ वटा कथाका पाठसँग सम्बन्धित ८४ वटा शब्दहरूको शब्दार्थ दिइएको छ । पाठमा प्रयुक्त कतिपय कठिन शब्दहरूको अर्थ दिइएको छैन । कठिन र नयाँ शब्दलाई ठूलो र कालो अक्षरमा लेखी फरक देखाइएको छ र तिनैको शब्द सहित अर्थ पनि लेखिएको छ तर कथामा प्रयोग भएका उखानटुक्कालाई न त ठूलो अक्षरले नै लेखिएको छ न चाँहि शब्दको अर्थ शीर्षकमा राखिएको छ । विद्यार्थीहरूलाई उखानटुक्काको ज्ञान गराउन तिनीहरूलाई पनि कि पाठमा रेखाङ्कित गर्नुपर्छ कि चाँहि ठूलो अक्षरमा लेख्नु पर्छ र शब्दार्थ स्तम्भमा राखिनु पर्छ । त्यसो गरेमात्र विद्यार्थीहरू उखान टुक्काको प्रयोग पाठमा के कसरी भएको छ र त्यसको अर्थ के हो भनी जान्न सक्ने छन् । तर पुस्तकमा त्यस्तो व्यवस्था नगरी कतै कतै उखानटुक्कालाई वाक्यमा प्रयोग गर्न लगाइएको देखिन्छ । कथाको अभ्यासलाई नियाल्दा शब्दभण्डार सम्बन्धी अर्थ लेख, वाक्यमा प्रयोग गर, शुद्ध पारेर सार जस्ता प्रश्नहरू दिएको पाइन्छ । त्यसैगरी अन्य अभ्यासका प्रकृतिमा  एक वाक्यमा उत्तर दिने, छोटो उत्तर दिने व्याख्या गर्ने घटनाक्रम मिलाउने, छलफल गर्ने, सिर्जनात्मक अभ्यास र सारांश लेख्ने

अभ्यासहरू रहेका छन् । भाषाका सबै सीपहरू विकास गर्ने खालका अभ्यासहरू राखिएका भएपनि ज्यादै कम रहेको देखिन्छ । पाठमा प्रयोग भएका  शब्द तथा वाक्यहरूको आवृत्ति हुने गरी धेरै अभ्यासहरू राख्न सकेको भए विद्यार्थीमा धेरै शब्दभण्डारको विकास हुनका साथै सबै प्रकारका भाषिक सीपहरूको विकास हुने सम्भावना देखिन्छ ।

कथाका पाठका अन्त्यमा राखिएका नमुना अभ्यासभित्र व्याकरणको अझ महत्त्व हुन्छ । भाषालाई शुद्धसँग बोल्न, लेख्न जान्न व्याकरणको आवश्यकता पर्दछ । व्याकरण खण्डभित्र चिन्ह परिचय, पदसङ्गति, कालका पक्ष, कारक र विभक्ति आदि अभ्यासहरू दिइएको छ । चिन्ह परिचय, पूर्ण विराम, प्रश्न चिन्ह, अल्पविराम, उद्गार चिन्ह, योजक चिन्ह र कोष्टक चिन्हको ज्ञान गराउन खोजिएको छ तर वाल्मीकि कथाको पाठमा प्रयोग भएको एकोहोरो र दोहोरो उद्धरण चिन्हको बारेमा उल्लेख नगरिएकोले पाठको आधारमा व्याकरण नराखिए जस्तो देखिन्छ । पदसङ्गति शीर्षकमा दिइएका अभ्यासहरूमा वचनका आधारमा पदसङ्गति, पुरुषका आधारमा पदसङ्गति र लिङ्गको आधारमा पदसङ्गति गर्ने प्रश्नहरू समावेश भएका छन् । खरानीको डोरी, मानिसलाई कति जमिन चाहिन्छ ? र कदर्य कथामा क्रमश वचन  पुरुष र लिङ्गका आधारमा पदसङ्गति गर्ने अभ्यास राखिएको भए पनि ती अभ्यासहरूले पाठसँग कुनै तालमेल देखाउन सकेका छैनन् । सकेसम्म व्याकरणात्मक अभ्यास पाठसँग सम्बन्धित भए राम्रो हुने भनिए पनि त्यस्तो तालमेल यी पाठहरूमा देखिदैनन् ।

बुहारीको खोजी कथामा कालको पूर्ण र अपूर्ण पक्ष सिकाउन खोजिएको छ । तर कुन कालको पूर्ण र अपूर्ण पक्ष भनेर किटान गरिएको छैन । कालका पक्षका बारेमा जानकारी गराउँदा कुनै एक निश्चित कालको पक्षको बारेमा स्पष्ट रूपमा सिकाउन सकेको भए ज्यादै राम्रो हुने थियो । त्यसैगरी माष्टरकी आमा कथाको पाठको अन्त्यमा दिइएको अभ्यासको व्याकरण खण्डमा कारक र विभक्ति सिकाउन खोजेको देखिन्छ । यहाँ कर्ताकारक र कर्मकारकको प्रयोगलाई मात्र जोड दिइएको छ । कारकका सम्पूर्ण पक्षहरूलाई एकैसाथ नसिकाई क्रमिक रूपमा अलि अलि गर्दै सिकाउने लक्ष्य राखिएको यो यसको सुन्दर पक्ष हो । तर विभक्तिको सबै पक्षहरू प्रथमा देखि सप्तमीसम्म एकै साथ सिकाइएको छ ।  त्यसरी दिनुभन्दा कर्ताकारक र कर्मकारक जस्तै गरी प्रथमा विभक्ति र द्वितीय विभक्तिको मात्र जानकारी गराउँदै प्रशस्त अभ्यासहरू गराउन सकेको भए राम्रो हुने थियो ।

नमुना अभ्यासहरूले भाषामा चारवटै सीपहरूलाई अगाडि बढाउन सक्नुपर्छ । अभ्यासमा राखिएका प्रश्नोत्तरबाट बोलाइ, पढाइ र लेखाइ सीपको विकास गर्न सकिन्छ । सुनाइ सीप विकासका लागि छलफल गर्ने सारांश लेख्ने, मौखिक प्रश्नोत्तर गराउने जस्ता क्रियाकलापको आवश्यकता पर्छ । बोलाइ सीपको लागि ठीकसँग भन्ने, तात्पर्य स्पष्ट गर्ने, शुद्ध उच्चारण गर्ने, शब्दको अर्थ भन्ने जस्ता प्रश्नहरू आवश्यक पर्छन् । पढाइ सीप विकास गर्न ठीकसँग भन्ने, शुद्ध उच्चारण गर्ने जस्ता प्रश्नको आवश्यकता पर्छ । लेखाइ सीप विकासका लागि प्रश्नोत्तर, भाव विस्तार गर्ने, सारांश लेख्ने, कथा लेख्ने जस्ता प्रश्नबाट पूरा गर्न सकिन्छ । यसरी चार सीपलाई विकास गर्ने अभ्यास प्रशस्त दिंदा उपयुक्त हुन्छ । त्यस्तै सिर्जनात्मक अभ्यासको पनि आवश्यक पर्छ तर कथा पढिसकेपछि  कथा सिर्जना गर्न सक्ने क्षमताको विकास गर्ने अभ्यासको कमी भेटिन्छ । प्रशस्त अभ्यासबाट मात्र सीपको विकास हुने हुनाले अभ्यासको कमीले बालकको सीप पक्ष कमजोर हुन्छ ।

## परिच्छेद : छ

# निष्कर्ष र सुझावहरू

### ६.१ निष्कर्ष

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित कक्षा–७ को हाम्रो नेपाली किताबमा समाविष्ट ६ वटा कथा सम्बन्धी यस अध्ययनबाट निम्न लिखित निष्कर्ष निकाल्न सकिन्छ :

१. पाठ्यपुस्तकको निर्माण गर्दा पाठ्यक्रमलाई मुख्य आधार बनाइएको हुन्छ । पाठ्यक्रमको उद्देश्यलाई परिपूर्ति गर्ने गरी भाषा पाठ्यपुस्तकमा विभिन्न विधाका पाठको चयन गरिन्छ तर यस तहको पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूप कथाका पाठहरू चयन गरिएको छैन ।

२. पाठ्यक्रमले तोके बमोजिमका कथाहरू नभएपनि यस पाठ्यपुस्तकमा समाविष्ट पाँचवटा कथाका कथानकको क्षेत्र स्पष्ट रहेको देखिन्छ । तर नीतिकथाको श्रेणीमा राखिएको मानिसलाई कति जमिन चाहिन्छ? भन्ने कथामा विद्यार्थीहरूलाई नैतिक आचार व्यवहार सिकाउने खालको कथानक नपाइएकोले यस कथालाई नीतिकथाको श्रेणीमा राख्न नमिल्ने देखिन्छ ।

३. कथामा संरचना पक्षको महत्त्वपूर्ण स्थान हुन्छ । कथाको संरचना पक्ष विद्यार्थीको रुची, उमेर र क्षमता अनुसारको भएपनि कथा वर्णनात्मक शैलीमा अघि बढेको देखिन्छ ।कथामा कौतुहलता ज्यादै कम देखिन्छ । कथाको अन्त्य भागले कथालाई चरमोत्कर्षमा पुऱ्याएर निष्कर्षमा टुङ्गाउनु पर्ने हो तर यहाँ समावेश भएका कथाहरूमा उत्कर्षताको कमी पाइन्छ ।

४. कथामा प्रयुक्त वाक्यहरू कक्षा–७ का विद्यार्थीको क्षमता उमेर अनुसारको नै पाइएको छ । तर कुनै कुनै सरल वाक्यहरू अलिक लामा छन्, त्यसै गरी मिश्र र संयुक्त वाक्य केही कठिन देखिए पनि यो स्तरमा यतिको वाक्य उपयुक्त नै

मानिन्छ ।

५. कथामा प्रयुक्त शब्दहरू उपयुक्त नै देखिन्छन् ।

६. कथा विधालाई शब्दभण्डारका रूपमा त्यसमा पनि शब्द वर्गभित्र रहेका नाम, सर्वनाम, विशेषण र क्रियापद तथा तत्सम, तद्भव र आगन्तुक शब्द र नामयोगी, क्रियायोगी, विस्मयादिबोधक र निपात जस्ता शब्दहरूले पनि विद्यार्थीहरूलाई भाषिक क्षमता अभिवृद्धि गर्दै लैजान र स्तरीय भाषा सिकाउन सहयोग पुऱ्याउने देखिन्छ ।

७. कथामा प्रर्याप्त मात्रामा उखानटुक्काहरूको प्रयोग हुनुपर्ने हो । तर यस पुस्तकमा समाविष्ट ६ वटा कथाहरूमा आवश्यक मात्रामा उखानटुक्काको प्रयोग पाइदैन उखानटुक्का चिनाउन पाठमा र अभ्यासमा कुनै प्रयास गरेको देखिदैन ।

८. पाठ्यक्रम अनुसार कथाहरू स्तरण गरिएको छैन । कथाको छनौट हचुवा पाराले गरिएको छ । पाठ्यक्रमले तोकेको कथा राख्न सकिएको छैन तर पाठ्यक्रमले तोकेभन्दा बाहिरका कथाहरू राखिएको छ । मानिसलाई कति जमिन चाहिन्छ ? भन्ने कथालाई नैतिक कथाको श्रेणीमा राखिएको भएपनि यस कथाले विद्यार्थीहरूलाई नैतिक आचार व्यवहार सिकाउन सकेको देखिदैन ।

९. कथाका पाठको अन्त्यमा राखिएका नमुना अभ्यासहरूमध्ये शब्दार्थ निकै कम मात्रामा दिइएको छ । अघिल्लो कक्षामा जानिसकेका सरल शब्दको शब्दार्थ स्तम्भमा अर्थ छ तर कतिपय कठिन शब्दलाई समेटिएको छैन । उखानटुक्काको अर्थ यस स्तम्भमा राखिएको छैन ।

१०. भाषिक सीप बढाउने अभ्यासहरू राखिएका छन् तर जति राखिनु पर्ने हो त्यति राखिएको देखिदैन । सिर्जनात्मक क्षमता अभिवृद्धि गर्ने खालका अभ्यास भने आवश्यकता अनुरूप नै राखिएको देखिन्छ ।

११. नमुना अभ्यासमा रहेका व्याकरण खण्ड पाठ अनुरूप राखिएको छैन । व्याकरणका अभ्यासहरू आगमन विधिद्वारा सिकाउन खोजिएको भए पनि अभ्यासको कमी

पाइन्छ ।

**६.२ यस अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा सुझावहरू प्रस्तुत गरिएका छन् :**

१. नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित कक्षा सातको अनिवार्य नेपालीको पाठ्यक्रम अनुरूप यस पुस्तकमा कथाका पाठहरू समावेश गरिनु पर्ने ।

२. नीतिकथाको श्रेणीमा राखिएको “मानिसलाई कति जमिन चाहिन्छ?” कथाले नैतिक विषयवस्तुलाई भन्दा बढी सामाजिक विषयलाई उठान गर्न खोजेकाले विद्यार्थीमा नैतिक नियम, आचार व्यवहार सिकाउन सक्ने कथा राखिनु पर्ने ।

३. आदि, मध्य र अन्त्य भाग मिलेको रोचक, कौतुहलपूर्ण कथाहरू पाठ्यपुस्तकमा समावेश गरिनु पर्ने ।

४. उखानटुक्काको प्रशस्त प्रयोग भएका र संवादात्मक शैली भएका कथाहरू समाविष्ट गर्नु उपयुक्त हुन्छ ।

५. पाठमा भएका उखानटुक्का तथा शब्दार्थ स्तम्भमा नराखिएका कठीन शब्दहरूलाई शब्दार्थ स्तम्भमा राखिनु पर्ने देखिन्छ ।

६. अभ्यासहरूमा केही बढी विविधता ल्याउनु पर्ने देखिन्छ तथा भाषिक सीप अभिवृद्धि गर्ने अभ्यास कम भएकाले बढाउनु उपयुक्त देखिन्छ ।

७. भाषा पाठ्यपुस्तकमा राखिएका व्याकरण खण्डका अभ्यासहरू पाठका शब्द र वाक्यका आधारमा राख्नु पर्ने देखिन्छ ।

८. भाषा पाठ्यपुस्तकका अभ्यासहरू शब्द उखानटुक्कालाई आवृति गर्ने खालको र प्रशस्त मात्रामा अभ्यास गराउने खालको हुनुपर्ने देखिन्छ ।

९. सबै कथाका पाठहरूका नमुना अभ्यासमा कम्तिमा दुईवटा सम्म सिर्जनात्मक अभ्यासहरू अनिवार्य राख्नु पर्ने देखिन्छ ।

१०. दुई-दुई वटा सामाजिक कथाहरू राखिनुभन्दा एउटा ऐतिहासिक कथा राखिएको भए उपयुक्त हुने देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज,(२०४४), **शिक्षालाई जीवनपयोगी बनाउने कारक तत्त्वहरू,** काठमाडौ,शिक्षा विकास तथा अनुसन्धान केन्द्र, त्रि.वि. ।

अधिकारी, हेमाङ्गराज(२०५३), **भाषाशिक्षण, केही परिप्रेक्ष्य तथा पद्धति,** काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज, (पुनर्मुद्रण २०६१), **समसामायिक नेपाली व्याकरण**, काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज तथा बद्रीविलाश भट्टराई (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोष**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, देवीप्रसाद,(२०६२), **कक्षा–६ को नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रम अनुरूपता अध्ययन,** स्नातकोत्तर शोधपत्र त्रि.वि

उपाध्याय, डा.केशवप्रसाद,(२०४९), **साहित्य प्रकाश**, ललितपुर : साझा प्रकाशन ।

केदारप्रसाद शर्मा,(२०५६) **प्रारम्भिक नेमपाली शिक्षण**, काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

गौतम देवीप्रसाद,(दो. परिमार्जित संस्करण २०६०), **नेपाली कथा,** काठमाडौं : के.पी.पुस्तक भण्डार ।

ढुंगेल, भोजराज र दुर्गाप्रसाद दहाल, (२०५७), **भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,** काठमाडौं : एम.के.पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

थापा, मोहन हिमांशु (२०४७), **साहित्य परिचय,** ललितपुर : साझा प्रकाशन ।

ने.रा.प्र.प्र.(पाँचौं संस्करण २०५५) **नेपाली बृहदशब्दकोश**, काठमाडौ ।

न्यौपाने, टंकप्रसाद (दो.संस्करण.२०४९), साहित्यको रूपरेखा, ललितपुरः साझा प्रकाशन ।

पोखेल, टीकाराम(२०५५), **माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन,** स्नातकोत्तर शोधपत्र त्रि.वि. ।

पाण्डेय, शेषकान्त,(२०६२), **कक्षा–८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासको अध्ययन,** स्नातकोत्तर शोधपत्र त्रि.वि

भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शिक्षण शोधविवरण,** काठमाडौं : न्यु हिरा बुक्स ।

(२०६८), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : पिनाकल पब्लिकेसन ।